जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly
साप्ताहिक

वर्ष ६ अंक ३०, २०७४ साल मंसिर १ गते शुक्रबार, नेपाल संवत् ११३८ (Nov. 17, 2017) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## रोल्पामा बम विस्फोट

काठमाडौं । आसन्न प्रदेश सभा र प्रतिनिधिसभाको निर्वाचनमा उम्मेदवार बनेका रोल्पा सुवर्णवती गाउँपालिका-१, घोडागाउँमा सिंचाई राज्य मन्त्री एवम् कांग्रेस उम्मेदवार अमरसिंह पुनलाई लक्षित गरी बम विष्फोट भएको छ । हिजो दिउँसो उनलाई लक्षित गरी बम विष्फोट भएको जिल्ला प्रहरी कार्यालय रोल्पाले जनाएको छ । उनी घरदैलो कार्यक्रमका क्रममा त्यहाँ पुगेका थिए । गाडी सवार उनीमाथि पडाडिबाट बम प्रहार भएको प्रत्यक्षदर्शीहरुले जनाएका छन् । सुत्ली बम प्रहार भएको हुन सक्ने प्रहरीको अनुमान छ ।

## गोरखामा पनि बम विष्फोट

काठमाडौं । वाम गठबन्धनका शीर्ष नेताहरुमाथि पनि आक्रमण सुरु भएको छ । प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचन नजिकिँदै गर्दा उम्मेदवारहरुमाथि सांघातिक आक्रमणका घटनाहरु दिनहुँ हुँदैछन् । यसले मतदातालाई समेत त्रसित बनाएको छ ।

हिजोमात्रै माओवादी केन्द्रका नेता एवम् गोरखा क्षेत्र नं. २ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार नारायणकाजी श्रेष्ठलाई लक्षित गरी सुतली बम विष्फोट भएको छ । गोरखा नगरपालिका-१० को सिर्दी खोला नजिक गाडीमा हिँड्दै गर्दा बम विष्फोट भएको हो ।

# कांग्रेसको लुटतन्त्रमाथि वामपन्थीहरूको धावा

नेपाली कांग्रेसका सभापति समेत रहेका प्रधानमन्त्री शेरबहादुर देउवा यतिबेला साम्यवादी भूतसँग असाध्यै तर्सिएका छन् र जनतालाई समेत भयभित बनाउने जमर्को गरिरहेका छन् । देउवा मात्र होइन कांग्रेसका सबै हेभिवेट नेताहरु हरेक आफ्ना चुनावी सभामा कम्युनिस्ट अधिनायकवाद रोक्न लोकतन्त्रवादीलाई मत दिन आग्रह गर्दै छन् । एमाले, माओवादी केन्द्र र अन्य केही साना वामघटक सहितको वामपन्थी गठबन्धनले आसन्न मंसिर १० र २१ गते हुने प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचन माहौललाई चिसो मौसममा पनि तताउँदै लगेको छ । यो वाम गठबन्धनमा नसमेटिए पनि नेकपा माले र जनसमाजवादी पार्टी पनि गठबन्धन बनाएरै चुनावमा होमिएका छन् । मुलुक यतिबेला सूर्य हँसिया हथौडा र हँसिया तारा पतकाले वामपन्थीमय बनेको छ ।

जनआन्दोलन २०६२।६३ का अपराधी कमल थापा र पिस्कर काण्डका नायक पशुपति शमशेरसँग सहकार्य गरेर लोकतान्त्रिक गठबन्धन बनाएको नेपाली कांग्रेस वाम गठबन्धनका सामु छायाँमा परिरहेको छ । स्वयं प्रधानमन्त्री देउवाको डडेलधुराको चुनावी किल्ला समेत वाम गठबन्धनले हल्लाइरहेको छ । विजय







गच्छदार कांग्रेस पुनरागमन नभएका भए उनको राजनीतिक भविष्यमा ग्रहण लाग्ने बाम गठबन्धनप्रति बढ्दो जनलहरले प्रस्ट पारेको छ । बडे बडे कांग्रेस नेताहरु पराजयको डरले त्राहीमाम देखिएका छन् । नुवाकोटमा रामशरण महत कागती गाउँबाट लखेटिएका छन् । रामचन्द्र पौडेल कम्युनिस्ट शासनमा हाँस्न बोल्न पाउँदै नन् । भोट मलाई भनेर रोइरहेका छन् । डा. शेखर कोइराला, डा. शशंका कोइरालालाई वाम उम्मेदवारहरुले आछु आछु पारिरहेका छन् ।

कांग्रेस एजेन्डाविहीन रुपमा चुनावमा होमिएको परिदृश्य छ । तीन पटक बहुमत पाउँदा पनि कांग्रेसले देश र जनताका लागि माखो मारेन । कांग्रेसको चुनावी घोषणा पत्रलाई मतदाताले झूटपत्रको संज्ञा दिइरहेका छन् । लोकतान्त्रिक गठबन्धनकै नाम लुटतान्त्रिक गठबन्धन राखिदिएका छन् । कांग्रेसले चुनावी मसला एउटै बनाएको छ साम्यवादको भूत नेपालको संविधानले समाजवाद उन्मुख व्यवस्थाको परिकल्पना गरेको छ । नेपाली कांग्रेस स्वयंले समाजवादको लक्ष्य बोकेको छ । समाजवादपछि साम्यवाद कम्युनिस्टहरुको तार्गेट नै हो । कि त संविधानमा समाजवाद शब्द राखिनु हुन्नथ्यो । अहिले किन समाजवादकपछि साम्यवादको भूतसँग तर्सिने ? विशेषत कम्युनिस्ट अधिनायकवादको डंका पिटिरहेको कांग्रेसले कम्युनिस्टहरुको बदनाम गर्ने कांग्रेसको पुरानै शैली हो यो । पहिले पनि ६० वर्ष पुगेका वृद्धवृद्धाहरुलाई कम्युनिस्टहरुले गोली ठोकेर मार्छन् भनेर कांग्रेसले प्रचार गरेकै हो । तर जब ०५१ म एमालेको अल्पमतको वामपन्थी सरकार बन्यो वृद्धवृद्धालाई सामाजिक सुरक्षा भत्ता दिएर सम्मान गऱ्यो । आफ्नो गाउँ आफैं बनाउँ भन्ने नारा दिएर देशमा विकासको नयाँ लहर सिर्जना गऱ्यो । वाम सरकार रहिरहे आफ्नो राजनीतिक पात्रमै विश्राम लाग्ने देखेर कांग्रेसले सर्वोच्च अदालतमार्फत मनमोहन सरकार ढलायो । ०४६ सालको राजनीतिक परिवर्तनपछिको अधिकांश समय कांग्रेसले नै देशमा राज गऱ्यो । तर देशलाई कांग्रेसले विश्वकै टपटेन दरिद्र र भ्रष्ट मुलुकमा परिणत गरायो । आर्थिक उदारीकरणका नाममा देशका उद्योगधन्दाहरुलाई निजीकरण गऱ्यो र बेरोजगारीहरुको डरलाग्दो जमात जन्मायो । देशभित्र रोजगारीको अवसर नहुनुका कारण ४५ लाख युवा जनशक्तिलाई खाडीइ मुलुकमा तातो हावा खान कांग्रेसले नै बाध्य पाऱ्यो । भ्रष्टाचार, महँगी, तस्करी, हत्या हिंसा, चेलीबेटी बेचबिखन र कुशासन नै कांग्रेस शासनका ऐतिहासिक उपलब्धि हुन् । कांग्रेसको लोकतन्त्र यही हो । यस्तो लोकतन्त्रका लागि जनताले पटक पटक संघर्ष गरेका होइनन् । फेरि लोकतन्त्ररुपी लुटतन्त्रलाई वैधता दिन जनताले चाहेका छैनन् ।

वामपन्थी गठबन्धनले देशमा एउटा खुसियालीको माहौल सिर्जना गरेको छ । मजदुर किसानदेखि राष्ट्रिय पुँजीपति वर्ग वाम गठबन्धनप्रति निकै खुसी देखिएका छन् । सामन्त बुर्जुवा र दलाल नोकरशाही पुँजीपति वर्ग वाम गठबन्धनसँग असाध्य अत्तालिएका छन् । उनीहरुको प्रतिनिधित्व गर्ने संगठन नेपाली कांग्रेसको हालत भारतीय कांग्रेस आईकै जस्तो हुने हो कि भन्ने डरले थरथर काप्न थालेका छन् । अधिनायकवाद र साम्यवादको हाउगुजी देखाएर जनतालाई तर्साउने कष्ट गरिरहेका छन् । निर्वाचनको मुखमा २२ करोड रकम राज्यको कोषबाट झिकेर आफ्ना आसेपासेलाई बाँड्ने कांग्रेसले पैसाकै बलमा चुनाव जित्ने सपना अब नपाले हुन्छ । एक दशकको अवधिमा दश अर्ब रुपैयाँ यसरी नै आफ्ना कार्यकर्ताहरुलाई बाँडिएको तथ्यांक छ जब कि दूरदराजका सिमान्तकृत जनता जीवनजल र सिटामोल खान नपाएर मृत्युवरण गर्न बाध्य छन् । जनतामाथि वैदेशिक ऋणको भार बढ्दो छ । विकास निर्माणका कामहरु ठप्प छन् । नौ नौ महिनामा सरकार परिवर्तन हुन्छ र भीआईपी सुविधा लिनेहरुको लाम अत्यासलाग्दो देखिएको छ । वाम गठबन्धनको मुख्य उद्देश्य देशमा राजनीतिक स्थिरता कायम गर्नु र विकास निर्माणलाई अघि बढाउनु नै हो । दुईतिहाई बहुमत ल्याएमा वामपन्थीहरुले संविधान संशोधन गरी समाजवादी व्यवस्थालाई लागू बाँकी ८ पेजमा

# विद्युत्का टंकमाथि छानबिनको माग

**विष्णु भट्टराई**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले देशका दर्जनौं भ्रष्टाचारी कर्मचारीहरुमाथि छानबिन तथा अनुसन्धानलाई अघि बढाएपछि भ्रष्टहरुबीच भुइँचालो गएको छ । विगतमा लामो समयदेखि मालदार अड्डाहरुमा बसेर 'तर' मार्दै आएका र राष्ट्र र नागरिकको शोषण गरी तर मारिरहेकाहरुमा अख्तियारको आँखा पुग्नुपर्ने धारणा सरोकारवालाहरुले राख्न थालेका छन् ।

नेपाल विद्युत प्राधिकरणमा लेखा प्रमुखका रुपमा रहेर काम गरिरहेका १० औं तहका टंक श्रेष्ठ प्राधिकरणभित्र रहेका २५ माल कमाउने हामिकहरुको सूचीमा पर्ने कर्मचारी हुन् । उनले विगतमा नेविप्रा क्षेत्रीय कार्यालय विराटनगर हुँदै अहिले वितरण तथा ग्राहक सेवा निर्देशनालयको लेखा प्रमुख बन्न पुगेका छन् । देशभरिको विद्युत बिक्री वितरण गर्ने वितरण तथा ग्राहक सेवा निर्देशनालय अन्तर्गत १० औं हजार स्थायी ज्यालादारी करार कर्मचारी रहन्छन् । उनीहरुको तलब भत्ता लगायतको सम्पूर्ण रकम निकासा फछ्र्यौट दिने, वितरण तथा ग्राहक सेवा निर्देशनालय अन्तर्गत गरिने खरिद अर्थात् प्रोक्योरमेन्टमा पेमेन्ट दिने, ठेकेदारको मोबिलाइजेसन रनिङ बिलको भुक्तानी, धरौटी फुकुवा जस्ता हरेक कार्यमा कमिसन लिनु श्रेष्ठको धर्म हो ।

विगत १ वर्षदेखि महाप्रबन्धक ढुंगेलसँग सेटिङ मिलाएका टंक श्रेष्ठले यो अवधिमा मात्रै २ करोडमाथि रकम घूस प्राप्त गरिसकेको उनकै मातहतमा रहेको लेखा शाखामा कर्मचारीहरु बताउँछन् ।

प्राधिकरणमा जागिर खाएर टंकले मध्यबानेश्वरमा घर मात्र बनाएका छैनन् पचासौं लाख खर्च गरी छोरालाई पाइलट समेत बनाएका छन् । यतिले मात्र नपुगेर उनले केही महिनाअघि ललितपुरको नक्खिपोट भन्ने ठाउँमा २ करोड ७५ लाखको घर मालपोत कार्यालयमा कम मूल्यांकन देखाई खरिद गरेका छन् । टंक श्रेष्ठलाई अख्तियारले छानबिनको दायरामा ल्याउनुपर्छ भन्ने माग उनकै कार्यालयमा अहिले उठिरहेको छ ।

# बूढी गण्डकीमा भारतीय गिद्दे दृष्टि

काठमाडौं । ऊर्जा मन्त्रालयले चीनको गेजुवा ग्रुप कर्पोरेशनलाई बूढीगण्डकी जलविद्युत आयोजना निर्माणको जिम्मा दिने समझदारी रद्द भएको औपचारिक जानकारी गराएको छ । १ हजार २ सय मेगावाट क्षमताको जलाय युक्त आयोजना तत्कालीन ऊर्जा मन्त्री ज नार्दन शर्माको सक्रियतामा गेजुवालाई दिने निर्णय गरी सहमति गरिएको थियो । माओवादी केन्द्र र नेपाली कांग्रेसको संयुक्त सरकार भएको बेला गेजुवालाई आकस्मिक रुपमा प्रोजेक्ट निर्माणको जिम्मा दिइएको थियो । गेजुवाको कार्यक्षमतामा त्यतिबेलै प्रश्न उठेको थियो । सत्ता छोड्ने. बेलामा हतार हतार गेजुवालाई प्रोजेक्ट किन दिइयो भन्ने बारेमा विभिन्न शंका उपशंका उब्जिएकोमा मन्त्री जनार्दन शर्माले टालटुले जवाफ दिने गरेका थिए । ठूलो कमिसनको खेलका कारण हतार हतार प्रोजेक्ट गेजुवालाई दिने निर्णय गरिएकोमा चौतर्फी प्रश्न उठे तापनि यसलाई करेक्सन गर्ने काम सरकारले गरेको थिएन ।



जलाशययुक्त आकर्षक आयोजना मानिएको बूढीगण्डकी कम्पनी मोडेलमा आफैं बनाउने भनेर कम्पनी खोली काम समेत अघि बढिसकेको थियो । नेपाल आयल निगममार्फत १२ अर्बभन्दा बढी रुपैयाँ समेत उक्त आयोजनाको लागि संकलन भइसकेको छ । कम्पनी मोडलमा निर्माण गरिँदा आयोजनाको शेयर लिन सम्पूर्ण देशबासी तयार रहेको अवस्था छ भने संचय कोष, नागरिक लगानी कोष र विभिन्न बैंक तथा वित्तीय संस्थाहरु पनि लगानीको लागि तयार छन् । वैदेशिक रोजगारीमा रहेका ४० लाख नेपाली युवाहरुलाई पनि एनआरएनमार्फत शेयर लगानीको लागि आह्वान गर्न सकिन्छ । नेपाली सेनासँग कल्याणकारी कोषको अर्बौं रकम फ्रिज भएकोमा सेनाले समेत लगानी गर्ने उचित ठाउँ र अवसर पर्खिरहेको छ । स्वदेशी पुँजीबाटै लगानी गर्ने पर्याप्त आधार भएको अवस्थामा कम्पनी मोडेलबाटै आयोजना निर्माण गर्न उपयुक्त हुने यस क्षेत्रका विज्ञहरुले बताइरहेका छन् ।

यसैबीच एउटा भरपर्दो स्रोतले दिएको जानकारी अनुसार जलस्रोत क्षेत्रका नामुद कमिसन एजेन्ट दीपक भट्टको सक्रियतामा उक्त आयोजना गेजुवालाई सुम्पिएकोमा हाल आएर भारतीय जलमाफियाहरुको गिद्देदृष्टि आयोजनामा परेको छ । गेजुवालाई आयोजना सुम्पेदेखि नै भारतले चलखेल थालेको थियो । नेपालका सम्पूर्ण आकर्षक आयोजनाहरु कब्जा गरी काम पनि नगर्ने नीति लिएको भारतले बूढीगण्डकी पनि कब्जा गरी होल्डमा राख्ने तयारी गरेको छ ।

उपप्रधान तथा ऊर्जामन्त्री कमल थापाले भारतीय कम्पनीलाई बाँकी ८ पेजमा

# युवा क्रिकेटरले जगाए आश

काठमाडौं । नेपाल एसीसी यू-१९ एसिया कप क्रिकेट प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ । मलेसियामा जारी यू-१९ एसियाकपको समूह 'ए'अन्तर्गत मंगलबार भएको दुई खेलपछि नेपालको सेमिफाइनल यात्रा तय भएको हो । नेपाल पहिलोपटक टेस्ट मान्यताप्राप्त राष्ट्रहरूलाई पछाडि पार्दै सेमिफाइनलमा प्रवेश गरेको हो । तीनपटकको च्याम्पियन भारतलाई मंगलबार बंगलादेशले ८ विकेटले पराजित गरेपछि नेपाल सेमिफाइन प्रवेश गरेको थियो । भारत पराजित हुनुअघि नेपालले आयोजक मलेसियालाई ८ विकेटले पराजित गरेको थियो । यसअघि नेपालले भारतलाई १९ रनले हराएको थियो भने बंगलादेशसँग २ विकेटले पराजित हुन पुगेको थियो । भारतले जितेको भए रनरेटका आधारमा सेमिफाइनल पुग्ने टिमको टुंगो लाग्ने थियो । बंगलादेश भने सबै खेलमा जित निकाल्दै ६ अंकका साथ समूह'ए'को विजेताको रूपमा सेमिफाइनल प्रवेश गरेको हो ।साविक विजेता भारत पनि समूह चरणबाट बाहिरियो । भारतले आयोजक मलेसियालाई हराएको थियो भने दुई छिमेकी मुलुक नेपाल र बंगलादेशसँग पराजित भएको थियो । आज नेपालले सेमिफाइनलमा अफगानिस्तानसँग किनरारा ओभलमा प्रतस्पिर्धा गर्ने भएको छ । अफगानिस्तान समूह 'बी'को विजेताको रूपमा सेमिफाइनल प्रवेश गरेको हो । नेपालले अफगानिस्तानसँग आईसीसी यू-१९ विश्वकप छनोटअन्तर्गत दुई खेल खेलेको थियो । जसमा अफगानिस्तानले १ सय ४१ र ९६ रनले जितेको थियो ।

## समय-सन्दर्भ | उम्मेदवारहरूमाथि आक्रमण जनयुद्धको निरन्तरता ?

**राजेन्द्र शर्मा**

माओवादीबाट पिण्डपानी छुटाएर नेकपा गठन गरी जनयुद्धलाई निरन्तरता दिने विप्लव समूहले अहिले वामपन्थी उम्मेदवारहरुलाई आक्रमणको निशाना बनाइरहेको छ । यस समूहले जनयुद्धकालीन स्थानीय सत्तालाई समेत धमाधम ब्युँताइरहेको छ । जनसरकार निर्माण गरेर जननिर्वाचित स्थानीय तहका प्रतिनिधिहरुलाई चुनौती दिइरहेको छ । यतिमात्र होइन, नगरपालिका, गाउँपालिका र महानगरपालिकाको बजेटको आधा हिस्सामाथि दाबी गरिरहेको छ । संसदीय व्यवस्थाको विकल्प दिने उद्घोष गरेको विप्लव समूहलाई सुरक्षा निकायले समेत प्रमुख सुरक्षा



चुनौतीका रुपमा लिएको छ र यस समूहका कार्यकर्ता नेताहरुमाथि कडा निगरानी राख्दै गिरफतार समेत गर्न थालेको छ । जति प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचन मिति नजिकिँदैछ विप्लव समूहको आतंकी क्रियाकलाप तेज हुँदैछ । उम्मेदवारहरुमाथि सांघातिक आक्रमणका घटनाहरु बढ्दैछन् । तर आश्चर्य के छ भने यस समूहले वामपन्थी उम्मेदवारहरु त्यसमा पनि एमाले र माओवादी केन्द्रका उम्मेदवारहरु लक्षित आक्रमण गरिरहेको छ । वामपन्थी उम्मेदवारहरुमाथि भइरहेका भौतिक आक्रमणले विप्लव समूहको कद बढ्नेका सट्टा झनै घट्दैछ ।

एमाले र माओवादी केन्द्रले पत्रकार सम्मेलन नै गरेर विप्लव समूहको आक्रमण सत्ताको मिलिभगतमा भएको आरोप लगाएका छन् । यसको अर्थ हुन्छ विप्लव समूह नेपाली कांग्रेसको सहयोगमा वाम उम्मेदवारहरुमाथि आक्रमण गरिरहेको छ । तर यसलाई पत्याउन भने गाह्रो छ । संसदीय व्यवस्थाकै विरुद्ध लडिरहेको यो समूह संसदीय व्यवस्थाको हिमायती कांग्रेससँग गठजोडमा छ भन्नु सतही अनुमान मात्र हो । विप्लव समूहको आक्रमणको निशानामा कांग्रेस उम्मेदवार छैनन् भनेर सोच्नु किमार्थ उचित हुँदैन । स्थानीय तह निर्वाचन बहिष्कार गरेको छ विप्लव समूहले प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचनलाई समेत बहिष्कार गरेको छ । निर्वाचनको यस्तो नौटंकीले जनजीविकाको हल नहुने उसको विश्लेषण छ ।

यो समूहको ठहर छ- संसदीय व्यवस्थाले श्रमजीवी जनताको भलो गर्दैन । न त यसले राष्ट्रको सर्वागिंण विकास नै गर्छ । यस व्यवस्थाले राष्ट्रिय स्वाधीनता र स्वतन्त्रताको समेत रक्षा गर्न सक्दैन । संसदीय व्यवस्था हुने खानेहरुको व्यवस्था हो हुँदा खानेहरुको होइन । नौलो जनवादी क्रान्ति सम्पन्न गरेर कम्युनिस्ट बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सम्पादन सहयोगी
घनश्याम ओली/गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
Visit : www .youtube .com Surendra Dhakal Social Activist

# M/M3= संसदीय चुनावमा विजयको सुत्र हुनु हुँदैन



**सुरेन्द्र ढकाल**
पोलिटब्युरो सदस्य
(नेकपा माले)

M भनेको Money, जहाँबाट ल्याए पनि हुने । यो Money लाई राम्ररी Media र Muscle लाई भाग लगाइदिने हो भने Mass त जम्मा भइहाल्छ । अनि त्यो Mass लाई पनि खुराकी दिन सकेपछि चुनाव नजित्ने कुरै भएन । यही चार M को राम्रो समायोजन जजसले गर्न जाने उनीहरुले चुनाव जिते, नेपालमा शासन गरे, सातपुस्तालाई पुग्ने गरी मोज गरे, देशलाई जहाँको तहीँ राखे । अहिले देश फेरि चुनावको मुखमा आएको छ ।

एकातिर मिडियाको प्रयोग अनि अर्कोतिर मसलको प्रयोग खुवै देखिन्छ । निजीस्तरका टेलिभिजनहरु त व्यवसाय गर्ने भएको हुँदा जताबाट धेरै रकम आयो उसैको समाचार, अन्तर्वार्ता दिने र चुनाव प्रचार गर्ने भइहाले । तर जनताको करबाट चलेको सरकारी संचार माध्यम पनि ठूला दलकै प्रचारमा लाग्नु चाहिँ प्रजातन्त्रको लागि विडम्वना नै मान्नुपर्दछ । अर्कोतिर उम्मेदवारको झोलामा पेस्तोल, उम्मेदवारमाथि गोली प्रहार अनि उम्मेदवार चढेको गाडी एम्बुसमा परेको समाचार पनि आइरहँदा मसलको प्रतिस्पर्धा पनि कम छैन भन्ने स्वतः प्रमाणित भएको छ । जसले बन्दुक र बम बढी पड्कायो उसैलाई तर्सेर मत दिने प्रवृत्तिकै कारण एकताका माओवादी ठूलो दल भयो तर जब उसले हतियार कम प्रयोग गऱ्यो ऊ तीन नम्बरमा झऱ्यो । जुन देशमा नीति सिद्धान्त र कार्यक्रम अनि त्यस्तो कार्यक्रम कार्यान्वयन गर्ने कुरामा दलहरुबीच प्रतिस्पर्धा हुन्छ, त्यहाँमात्र सक्कली प्रजातन्त्र चल्छ अनि त्यस्तो प्रजातन्त्रले मात्रै देश र जनताको मुहार फेर्छ । तर जहाँ अपराध, राष्ट्रघात र भ्रष्टाचारको राजनीतिकरण हुन्छ त्यस्तो देश कंगाल हुन्छ । अनि नेपालको नियति पनि त्यही भएको हो ।

**जुन देशमा नीति सिद्धान्त र कार्यक्रम अनि त्यस्तो कार्यक्रम कार्यान्वयन गर्ने कुरामा दलहरूबीच प्रतिस्पर्धा हुन्छ, त्यहाँमात्र सक्कली प्रजातन्त्र चल्छ अनि त्यस्तो प्रजातन्त्रले मात्रै देश र जनताको मुहार फेर्छ ।**

प्रजातन्त्रमा हरेक नागरिकलाई फरक मत राख्ने, त्यस्तो फरक मत विना डर त्रास जनसमक्ष राख्न पाउने अनि त्यस्तो मतको पक्षमा बहुमत आए त्यस्तो मतलाई शासनमा गएर कार्यान्वन गर्न पाइने राजनीतिक अधिकार स्थापित भएको हुन्छ । तर नेपालमा त्यस्तो राजनीतिक अधिकार स्थापित गर्न नभै अपराध, राष्ट्रघात र भ्रष्टाचारलाई स्थापित गर्न प्रजातन्त्रको प्रयोग भइरहेकै कारण हाम्रो प्रजातन्त्रले देशलाई भीरतर्फ लगिरहेको छ । निर्वाचन आयोग आचारसंहिता भनी भट्याइरहेको छ अनि ठूला दल आफैं त्यसको उल्लंघन गरिरहेका छन् भने त्यो आचारसंहिता साना दलका लागि मात्रै रहेछ भन्ने स्पष्टै हुन्छ । आखिर निर्वाचन आयोगमात्रै आकाशबाट झरेको होइन । यही भ्रष्ट, राष्ट्रघाती र आपराधिक समाजको एक अंश हो ।

चेतना नभएको गरिबी र अशिक्षाले ग्रस्त भएको देशमा साँच्चैको प्रजातन्त्र नचल्ने भएर नै नेपालले विगतमा निरंकुश शासन भोग्नु पऱ्यो । ठूला राजनीतिक दलहरुमा भएको आपराधिक मनोवृत्ति, भ्रष्टपना र राष्ट्रघातको कारण बढ्ने द्वन्दले कि त फेरि निरंकुश शासन आउँछ कि त देश नै रहँदैन भन्ने सामान्यज्ञान पनि नेताहरुमा नभएकै कारण नेपालमा राजनेता जन्मन सकेन न त देश नै विकसित हुन सक्यो । चुनावमा आफ्नी स्वास्नी र छोरा हारेको कारण गणेशमानले मतदाताहरुलाई भेडा भने । आफ्नो भागमा पर्दा जनता मतदाता र नपर्दा भेडा सबैले भन्ने गर्छन् जब चुनावमा माथि भनिएको चार M को बोलवाला हुन्छ । छ कोही नेपालमा यी चार M को प्रभावबाट प्रजातन्त्रलाई जोगाउने नेपाली राजनीतिक दल ? छैन भने जान्नुहोस् इतिहास दोहोरिन सक्छ । M/M3=संसदीय चुनावमा विजयको सुत्र हुनु हुँदैन ।

## सम्पादकीय

# बढ्दो सुरक्षा चुनौती

संविधानको पूर्ण कार्यान्वयनका लागि महत्वपूर्ण गन्तव्यका रूपमा रहेको प्रदेश सभा र प्रतिनिधिसभाको निर्वाचनको तिथि नजिक आइरहेको छ । निर्वाचनलाई शान्तिपूर्ण रूपमा सम्पन्न गराउने जिम्मेवारी सरकारको भए तापनि सुरक्षा चुनौती दिन प्रतिदिन बढ्दै गइरहेका छन् । प्रचारप्रसारमा हिँडेका उम्मेदवार नेताहरूमाथि भएका श्रृंखलाबद्ध आक्रमणले निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न होला भन्ने विषयमा प्रश्न उठिरहेका छन् । कात्तिक २४ गते पूर्व गृहमन्त्री तथा माओवादी केन्द्रका नेता जनार्दन शर्मालाई लक्षित गर्दै बम प्रहार गरियो । त्यसपछि पूर्व अर्थमन्त्री वर्षमान पुन, पूर्व सञ्चारमन्त्री शेरधन राई, संखुवासभाका वाम गठबन्धन उम्मेदवार राजेन्द्र गौतम र पूर्णप्रसाद राईलाई समेत बम र बन्दुकद्वारा आक्रमण गरियो । संयोगले आक्रमणकारीको निशानाबाट उम्मेदवारहरू जोगिएका छन् ।

प्रधानमन्त्री शेरबहादुर देउवाले गृह मन्त्रालयको जिम्मेवारी आफैं समालेका छन् । देउवाले चुनावमा भाग लिन उम्मेदवारहरूको सुरक्षा कसरी गर्ने भन्ने बारेमा रणनीति बनाउने कार्यमा सक्रियता देखाउन भ्याएका छैनन् । सुरक्षा संयन्त्रको बैठकमा आफैं उपस्थित भएर निर्देशन गर्ने जिम्मेवारी निभाउन उनले सकिरहेका छैनन् । निर्वाचन आयोगका प्रमुख आयुक्त अयोधीप्रसाद यादवले निर्वाचन सुरक्षा चुस्त बनाएर निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्ने व्यवस्था गर्न सुरक्षा निकायका प्रमुखहरूलाई निर्देशन दिनका अतिरिक्त सरकारको समेत ध्यानाकर्षण गराइरहेका छन् । उम्मेदवारहरूमाथि श्रृंखलाबद्ध रूपमा आक्रमण भइरहे पनि प्रहरीले. सुरक्षा संयन्त्र बलियो बनाएको दाबी गरिरहेको छ ।

विकट भौगोलिक बनावट भएका पहाडी जिल्लाहरूमा प्रचारप्रसार अत्यन्तै चुनौतीपूर्ण बनेको छ । भीर, पहरा र खोंचहरूमा लुकेर बसेका आक्रमणकारीहरूले उम्मेदवारहरूलाई बम, बन्दुकको निशाना बनाउने, धराप थाप्ने जस्ता काम सहज रूपमा गर्ने भएकाले त्यस्ता संवेदनशील ठाउँहरूमा विशेष सुरक्षा दिन आवश्यक छ । निर्वाचनलाई जसरी पनि खारेज गर्ने भनेर खुल्ला चुनौती दिँदै नेपाल कम्युनिस्ट पार्टी 'विप्लव' ले खुलमखुला भन्दै आइरहेको छ । त्यसैगरी तराईमा पनि केही निर्वाचनको विरोध गर्नेहरू सक्रिय रहेका छन् । निर्वाचन नचाहने दलहरूलाई पनि सरकारले निर्वाचनपूर्व नै वार्ताको माध्यमदेखि निर्वाचनमा ल्याउने गरी सहमतिको प्रयास थाल्नुपर्ने थियो । तर यस्ता समूह र दलहरूप्रति जोसुकै सत्तामा आए पनि आँखा चिम्लने गरेका छन् । विगतमा भएको माओवादी जनयुद्धको पनि तत्कालीन सरकारले बेलैमा सम्बोधन गर्ने प्रयास गरेन । परिणमस्वरूप ठूलो मानवीय र भौतिक क्षति हुन पुग्यो । अहिले पनि निश्चित राजनीतिक लक्ष्यसहित हिँडेका शक्तिलाई सानातिना भनेर हेलचेक्र्याइँ र बेवास्ता गरियो भने भोलि त्यसदेखि निम्तिने परिणाम पनि भयावह हुन सक्छ ।

हाम्रा धर्मशास्त्र, नीतिशास्त्रहरूमा समेत साम, दाम, दण्ड भेट भनेर द्वन्द्व व्यवस्थापनका कुराहरू उल्लेख छन् । राज्यले सबै सूत्र प्रयोग गरी राजनीतिको मूल प्रवाहबाट टाढिएकाहरूलाई फर्काउने प्रयास गर्नुपर्छ । तर यहाँ त शान्तिपूर्ण राजनीति गर्नेहरूलाई समेत किनारामा धकेल्ने गतिविधि राज्य सत्ताका सञ्चाकलहरूबाट भइरहेका छन् । त्यसैगरी निर्वाचनमा भइरहेको अनियन्त्रित खर्चले पनि द्वन्द्व निम्त्याउन सक्छ । भ्रष्टाचार र विभिन्न खाले अपराध गरेर जम्मा भएको कालोधन निर्वाचनमा खर्च भइरहेको छ । त्यतिमात्र होइन, कुख्यात गुण्डा र डनहरू समेत ठूला दलहरूका उम्मेदवार बनेका छन् । तिनीहरूले फैल्याउन सक्ने डर, त्रास आतंकले पनि निर्वाचन सुरक्षामा चुनौती थपिएको छ । निर्वाचनलाई शान्तिपूर्ण, भयरहित र निष्पक्ष रूपमा सम्पन्न गर्न सम्बन्धित सबैमा जिम्मेवार बन्न आवश्यक छ ।

# मेरै नेतासँग मेरै गुरूसँग (२)



**जगदीश लामिछाने**
रौतहट, पौराई

विद्वानहरुले अघिदेखि भौतिक र आध्यात्मिक संसार देखेका छन् । अध्यात्म आफैं शान्त छ । भौतिकता अशान्त हुनु पनि स्वाभावकै हो । नेपालीहरुको सामाजिक मानसिकताले गर्दा यो भौतिक विशाल संसारमा यान्त्रिक तथा चटपटकै गुणगान गाउन पाठक र यो लेखकसमेत लाग्दछौं ।

अध्यात्मतर्फ फर्किन थोरै सत्वगुण चाहिन्छ । शान्ति, समृद्धि र असमृद्धि पनि भौतिक तथा अध्यात्म प्रेरित दुवै हुन्छन् । हामीले सतकर्मको मात्र गुणगान गाएर असत अर्थात अरुलाई दुःखदायी काम मात्र बिर्सिएमा पनि मानसिक धेरै शान्ति प्राप्त हुने नै हो । यी सबै कुरामा बुद्धकालीन ज्ञानका धनी पश्चिम नेपाल कपिलवस्तु काँक्रेविहार, सुरक्षेत्र (सुर्खेत) र काठमाडौं उपत्यकाबासी शाक्य आदि परिवार कतै न कतै भेटिन्छन् । पूर्वी नेपालका किरात पारोहाङ अर्थात् शिवपार्वती प्रेमीहरुबाट नेपाल धेरै प्रभावितै छ ।

यही नेपालबाट विश्व भ्रमणमा उसैबेलादेखि निस्केकाहरुका प्रेरणा स्रोत अमूर्त मूर्त धनी अध्यात्म तत्व प्रेरक यिनै आत्मज्ञानी नै हुन् । पछिबाट प्राप्त लिच्छविकालीन शिलापत्रहरु नै पनि अध्यात्म प्रेरक नै छन् र यो आर्यावर्त चीरकालदेखि जोगिएको हो । यस्तै स्वत्वको एकात्मकता जोगाउन नसक्दा बर्माबाट ६ लाख रोहिंग्या मुसलमान भागेर बंगलादेश र विभिन्न देशहरुमा अन्य शरणार्थीको चापले विश्व पिरोलिनु परेको आफ्नै स्वत्व संरक्षण अर्थात् एकाकार भएर बस्न नसक्नाले नै हो । यो नेपाल बरु अरुको आश्रयस्थल भयो । परदेशमा भाग्नु नपरेको आफूलाई माटोमा एकाकार गराएरै हो । परदेश गएर पनि फर्किन पाउने आफ्नो आश्रयस्थल जोगाएरै हो ।

यो आर्यवर्त नेपाल हिमवत खण्डबासीहरु ज्यादै सहनशील हुनाले आफ्नो अध्यात्म तत्वभित्रैको सहनशीलता छँदैछ भनेर मात्र बस्ने युग अब रहेन । क्रियाशील वर्तमान नै जबर्जस्त रुपमा सञ्चारयुग विश्वभरि उदाएको छ । यसलाई सरकारले नियन्त्रण गर्न सके पनि अत्यावश्यक हुँदै गएको छ । यन्त्र यन्त्रमा जडान गर्न सकिने गरी सुसांख्यकीले मोबाइल साउतीयन्त्र आदि बनाई विश्वव्यापी फाइदा लिन सकिने युगले हाम्रै कृषि आदिमा पनि यान्त्रिकरण गर्न सकिनेमा गर्न नसक्नु बेहोसी नै हो । यसका दुरुपयोगले यौनकुन्ठा बढाउनेतर्फ र अरु केही विकृति नियन्त्रण गर्ने हो भने जनताको गरिबी घट्दै जाने र समृद्धि अर्थात् धनपैसाको बाहुल्यता जति यान्त्रिकरण गऱ्यो उति बढ्दै जाने पनि संसारकै प्रजातान्त्रिक तथा अप्रजातान्त्रिक देशहरुकै योजनाबद्ध विकासका सफलताले देखिएकै छ । यतापट्टि विकास तथा शिक्षामै पनि अध्यात्म प्रेरक सञ्चार प्रविधि खपत गर्नु नै पर्छ । यो भौतिक नै भए पनि अध्यात्मको जलप त्यहाँ लगाउन नसकिने देखिँदैन । यसमा हामी पछि नै छौं र आफ्ना लाखौं युवा विदेश पसी प्रतिभा पलायनको पीडामा छौं । तिनै युवा सत्वगुणी अर्थात् अध्यात्म प्रेरितहरु नेपाललाई माया गर्नेहरु हुन् । अरु सुखैका लागि पसेका उतै भौतिकतामै रमाउनलान् स्वदेशप्रेमीहरुलाई सुसांख्यकीको प्रयोगले नेपाल फर्काउनमै कल्याण छ, नसक्नु हाम्रै नामर्दी पनि हो । नेपालमा भ्रष्टाचार छ भनी उनीहरुले भन्नै नपाउने वातावरण बनाउनै पर्छ । यति गर्न सकिएन भने अरु आफ्नै कुभलो चिताउनेले हाम्रै युवकहरुमार्फत पनि दुःख दिन खोजेको त दोक्लाम र कास्मिरमा गोर्खा फौज भारतले पठाएकैबाट पनि बुझ्नुपर्ने हुन्छ । जत्ति चाँडो हुन्छ गोर्खा फौज अर्थात् १९४७ को त्रिपक्षीय सन्धि नेपालले खारेज गराउनैपर्छ र दोस्रो कुरा स्वदेशको भ्रष्टाचार देखिने गरी न्यूनीकरण गर्नैपर्छ । यो पनि सत्वगुणै हो अध्यात्म प्रेरितै हो ।

एकातिर अध्यात्म प्रेरणा अर्थात् शान्ति प्रियता पनि चाहियो अर्कातिर नेपालको उन्नति, समृद्धि र प्रगति हुनैपऱ्यो । यो कुरामा सुसांख्यकी युक्त हुन कम्तीमा पनि नेपाल संस्कृत विश्वविद्यालय र त्रिभुवन विश्वविद्यालय दुवैले मिलेर शिक्षित दोस्रो पुस्ता विदेश पलायनमुखीहरु तयार गरिदिनै भएन । त्यो काम वाराणसी अर्थात् गंगा दक्षिणबाट प्रभावित छु भन्नेबाट र चीन रुस आदि विदेश प्रेमीबाट पनि सम्भव नहुँदा हामीबाटै प्रेरित वर्तमान डा. जगमान गुरुङ आदि चाहिएको हो, गोरक्षनाथप्रेमी चाहिएको हो ।

यति मात्र भएर पुग्ने भए किन यो देश नेपालमा सर्वकार अर्थात् सरकार चाहियो ? सर्वकार चलाउने नेताहरु सक्षम नभएर त यी विश्वविद्यालयहरुले कामै गर्न नसकेका र नेपालमा भ्रष्टाचार व्याप्त भई यो देशको समृद्धिको अभाव भएको समेत सर्वकारकै अयोग्यता हो । यसैले प्रजातान्त्रिक युग चाहिएको हो । नेता सर्वकारको नाम अगाडि राख्न बाध्यता परेको हो । २०७४ कात्तिक १७ यही स्तम्भ यसै पत्रिकामा मेरै नेतासँग मेरै गुरुसँग प्रकाशित गर्नु परेको हो । सर्वप्रथम त नेता नै भए हैन र ? अनिमात्र डा. जगमान आदि उज्यालाहरुले विश्वविद्यालयहरु चलाई स्वदेशमा शिक्षक वैज्ञानिक तयार गरी ज्योति जगमगाउने भए । यत्ति आशा पूरा गरौं ।

*उत्पत्तिका एकादशी, २०७४*

## अबको क्रान्ति : पर्यावरणीय (खण्ड २)

**सुदर्शन प्रधान**

# केही भौतिकवादी दृष्टिकोण (३)

देवघाटका केही कथित शक्तिशाली धर्मगुरू (?) हरू पनि धार्मिक क्षेत्रभित्रको जमिन आफ्नै निजी सम्पत्तिझैं मानी रूपैयाँ लिएर मनोमानी बिक्रीवितरण गर्दै आएका छन् । यी जमिन प्राप्त गर्नेहरूमा कतिपय त भारतीयहरू नै छन् । यहाँ अर्को कुरा पनि बताउनु उपयुक्त होला– यो भारतीयप्रतिको उपेक्षा होइन, बरू गलत र घातक प्रवृत्तिको आलोचना हो । हामीलाई थाहा छ, कतिपय भारतीयहरू असल छन् त कतिपय नेपालीहरू पनि खराब छन् । हामी भारतीय असल मानिसहरूको सम्मान गर्छौं, त्यसरी नै सबै खराब प्रवृत्तिका नेपाली, भारतीयहरूप्रति घृणा र उपेक्षा गर्छौं ।

देवघाट क्षेत्र विकास समितिलाई तत्सम्बन्धी निम्न सुझावहरू दिनु उपयुक्त मानेको छु–

क) देवघाटको धार्मिक क्षेत्रभित्रको जमिन र मठमन्दिरहरू सबै अधिकरण गर्नुपर्छ ।

ख) राम्ररी जाँचबुझ गरेर आवश्यक मठमन्दिरहरू सम्बन्धित सङ्घसंस्था तथा व्यक्तिहरूलाई फिर्ता गरिनुपर्छ तर पुस्तौंपुस्तालाई होइन ।

ग) धार्मिक क्षेत्रभित्र सिमेन्ट, रड र इँटा प्रयोग हुने गरी अबदेखि मन्दिर र घरहरू निर्माण गर्न कसैलाई छुट दिनु हुँदैन ।

घ) हरेक मन्दिर र घरहरूवरपर सुवासयुक्त र उपयोगी बोटबिरूवाहरू अनिवार्य लगाउनुपर्ने नीति हुनुपर्छ ।

**३. केही भौतिकवादी दृष्टिकोण**

विश्वका सबै धार्मिक मत र सम्प्रदायहरू हरेक कुरालाई रहस्यमा डुबाउने र ती सबै कुराहरू अलौकिक शक्तिबाट निर्देशित हुने बताउँछन् । बीचबीचमा प्रसङ्ग मिलाएर आआफ्नो सम्प्रदायका मत तथा विचारहरू जोड्न्छन् र आफ्नै धर्म सर्वोपरि रहेको दाबी गर्छन् । सर्वसाधारण जनता दङ्ग पर्दै त्यसलाई पछ्याउँछन् । यसमा हिन्दू धार्मिक सम्प्रदायीहरू पनि छुटेका छैनन् । देवघाटको विषयमा पनि थुप्रै रहस्यमय कुराहरू लामो समयदेखि लिखित वा मौखिक रूपले वर्णन भएका पाइन्छन्–

–महादेवको जटाबाट त्रिशूली नदीको उत्पत्ति भयो भने श्रीकृष्णको काखीबाट काली गण्डकीको उत्पत्ति भयो (वराह पुराण, अध्याय ४५) ।

–देवघाटमा आई दान, श्राद्ध, यज्ञ गरे धेरै फल मिल्छ । स्नान गरेमा जस्तोसुकै पाप पनि नासिन्छ (स्कन्द पुराण, हिमवत् खण्ड) ।

–रामले श्रीलङ्कामा विजय प्राप्त गरेपछि अश्वमेध यज्ञ यही देवघाटमा गरे र सीताले आफ्नो अन्तिम जीवन यही देवघाटको भूमिमा बिताइन् (योगी नरहरिनाथ) ।

–चक्रेश्वर मन्दिरभित्रको शालिग्रामको तौल बढ्दै छ । राजा मुकुन्द सेनको हंस यही शालिग्रामभित्र पसेको छ (मन्दिरका पुजारी) ।

अब माथिका कुराहरूप्रति भौतिकवादी चस्माले हेर्दा निम्न कुराहरू पाइन्छ–

क) त्रिशूली गण्डकी र काली गण्डकीको उत्पत्ति सम्बन्धमा वास्तविकता के हो भने ६ करोड ५० लाख वर्षअगि आजको मध्यचीनदेखि मध्यभारतसम्म टेथिस सागर थियो । यसको उत्तरको भूमिलाई लौरासिया र दक्षिणकोलाई गोन्डवाना द्वीप भनिन्छ । पृथ्वीका आन्तरिक र बाह्य कतिपय कारणहरूले यी दुई ठूला द्वीपहरू जोडिए र मिलनको केन्द्रस्थलको भूभाग माथि उठ्तै गयो । करोडौं वर्षपछि यो भूभाग १६,००० फिटभन्दा पनि अग्लो हुँदै गयो । प्रकृतिको एउटा नियम छ– १६,००० फिटभन्दा माथि पानी जमेर हिउँ बन्छ । यसरी हिमालको उत्पत्ति भयो र विश्वको सबभन्दा अग्लो शिखर सगरमाथा पनि यहीँ निर्माण भयो । सो हिमाल अग्लिने क्रम अझै जारी छ । भनिन्छ, हरेक वर्ष इन्डियन प्लेट १० सेन्टिमिटरले टिबेटियन प्लेटमुनि घुस्तै छ । यही क्रमले जाने हो भने २० लाख वर्षपछि करिब २०० कि.मि. उत्तर–दक्षिण रहेको हाम्रो नेपाल पूर्ण रूपले विलुप्त हुने भूगर्भशास्त्रीहरू बताउँछन् ।

जे होस्, करोडौं वर्षअगि नेपालको उत्तरी भेकमा हिमशृङ्खलाको निर्माण भएपछि नै यहाँका नदीहरू सिर्जना भएका हुन् । यसमा प्रकृति नै प्रमुख कर्ता हो, अरू कोही होइन । हिन्दू धर्मशास्त्रले 'महादेवको जटाबाट त्रिशूली र श्रीकृष्णको काखीबाट काली गण्डकी उत्पत्ति भएको मान्छ । तर महादेव र श्रीकृष्णको जन्म भएकै दस हजार वर्ष पनि पुगेको छैन । नेपालका प्रथम दर्जाका सबै नदी (सप्तगण्डकी, सप्तकोसी, राप्ती, कर्नाली, महाकाली आदि) हरूको उत्पत्ति करोडौं वर्षअगि भएको हो ।

ख) देवघाट आई दान, श्राद्ध, यज्ञ गरे धेरै फल मिल्ने र स्नान गरे पाप नासिने भनाइमा कुनै तुक छैन । सत्य कुरा के हो भने वरिपरि हराभरा वनजङ्गल, निर्मल दुई गण्डकीको सङ्गम, शान्त र स्वच्छ वातावरणका कारण देवघाटमा बस्ता मानिसहरूलाई चरम आनन्दानुभूति हुन्छ तर पेट भोको छ भने यी सबै कुराहरू आकाशमा उड्छन् । सम्भवतः प्राचीन कालमा राजपण्डितहरू विभिन्न कारणले विरक्तिएर एकान्त देवघाटमा आई बसे । *(क्रमशः)*

# मैले देखेको बीसौं विश्व सम्पदा : इटलीको आसिसी

सुरेन्द्र ढकाल



आसिसीमा रहेको मिनर्भाको मन्दिर



आसिसीमा रहेको प्रख्यात फ्रान्सिसकन चर्च



कार्निभल चाड मनाउँदै आसिसीका जनता



कार्निभलको अवसरमा गरिने श्रृंगार




कार्निभलको पहिरनमा सजिएका आसिसीका महिलाहरूसँग सुरेन्द्र ढकाल



कार्निभलताका संगीत बेन्डसहित जनता सडकमा



डाँडाको टाकुरामा आसिसीको अवस्थिति यस्तो देखिन्छ



आसिसीमा अवस्थित पहाडको टु प्पामा सुरेन्द्र

३ अप्रिल १९८७ का दिनभर बेलग्रेड शहर घुमेपछि म ४ तारिखका दिन लागें युगोस्लाभियाको उत्तरी प्रदेश स्लोभेनियातर्फ । मलाई एकजना नेपाली साथीले त्यहाँको राजधानी लुबियाना घुम्न जाने सल्लाह दिएका थिए काठमाडौं जस्तै छ भनेर । तसर्थ बेलग्रेडबाट इटली फर्कने क्रममा दुई दिन लुबियाना बसी इटली कोत्रियस्ते सहर घुम्दै ६ अप्रिलका दिन रोम फर्केर थालैं फेरि आफ्नो अन्तिम सेमेस्टर पूरा गर्नतर्फ ।

यसैबीच मे महिनाको तेस्रो हप्तातिर रोम नजिकैको आसिसी भन्ने शहरमा धुमधामका साथ कार्निभल (हाम्रो गाईजात्रा जस्तै चाड) मनाइँदो रहेछ भनेर एक नेपाली साथीले भन्नुभयो । रोमबाट दुई घन्टाको रेल चढाइबाट पुगिने कारण शनिबार बिहानै हामी रेल चढी आसिसी पुग्यौं । बिहान नौ बज्दा नै हामी आसिसी सहर पुग्दा । रंगी बिरंगी पोसाक अनि रंगीबिरंगीका पाउडर घसेका महिला तथा पुरूषहरू सडकमा निस्कन लागिसकेका थिए । कोही कोही चाहिँ समूहमा संगीत बैण्ड लिएर संगीतसँगै चर्को श्वरमा गीत पनि गाउँदा रहेछन् ।

हाम्रो फागु र गाईजात्रालाई मिलाउने हो भने कार्नेभल चाड हुँदोरहेछ भन्ने मलाई लाग्यो । धेरैबेर हामी कार्निभलमा नै रमाएर सहरको यत्रतत्र गई रमाइलो गर्‍यौं । त्यसपछि त्यहाँ हेर्नैपर्ने के कुरा रहेछ भनेर बुझ्दा त्यहाँको फ्रान्चिस्कन संरचनाहरू विश्व प्रसिद्ध भन्ने थाहा लाग्यो ।

**आसिसी**

आसिसी इटलीको उम्ब्रिया क्षेत्रको पेरूजा प्रान्तको एउटा कम्युन हो । यो क्रिश्चियन धर्म गुरू फ्रान्चि स्कोको जन्मोथलो पनि भएको र उनले सन् १२०८ मा नै फ्रन्चिस्कन धार्मिक नियम लागू गराएका हुनाले क्रिश्चियन धर्मावलम्बीहरूको आसिसी महत्वपूर्ण स्थल मानिंदो रहेछ ।

झन् कार्निभलको अवसरमा त इटलीको धेरै अन्य शहरहरूबाट पनि धर्मभिरूहरू त्यहाँ जाँदो रहेछन् । पछि १९ औं शताब्दिमा सेन्ट गाब्रियल लेडी अफ सरो पनि त्यही जन्मेको कारण आसिसीको महत्व झनै बढ्न पुगेको रहेछ । आसिसीको इतिहास खोतल्दा त्यहाँ इशापूर्व १००० मा नै माथिल्लो टाइवर उपत्यकाबाट आएका आप्रवासीहरूले बस्ती बसाएका रहेछन् । पछि इशापूर्व ४५० तिर एत्रुस्कन जातिहरू त्यहाँ आई बसोबास गरेका रहेछन् । फेरि इशापूर्व २५० मा रोमनहरू यहाँ आई आफ्नो आधिपत्य जमाएका रहेछन् ।

त्यहाँ भएका शहरका पर्खाल नाचघर, खुलानाट्यशाला, मिनर्भाको मन्दिर र मोज्याक चित्रकलाहरू देख्दा रोमनहरूले त्यहाँ धेरै विकास गरेको थाहा हुन्छ । अझै पनि त्यहाँ रोमनहरूको केही घरपरिवार रहेको छ । सन् २३८ मा क्रिश्चियन धर्मगुरू विसप रूफिनोले यस शहरलाई पुरै क्रिश्चियनकरण गरेका थिए र उनको पार्थिव शरीरको केही अंश अहिले पनि त्यहाँको चर्च क्याथेड्रलमा रहेको छ ।

सन् ५४५ मा टोटिलाका राजा ओस्त्रोगोथ्स आसिसी शहर ध्वस्त गरेका रहेछन् । त्यसपछि लोम्बार्डहरूले आसिसीमाथि आधिपत्य जमाएका थिए । ११ औं शताब्दिमा आसिसी गिब्बेलिनेको स्वतन्त्र कम्यून बन्न पुगेको थियो । पछि सन्त फ्रान्चिस्कोले आसिसीलाई ब्यवस्थित गरे ।

आसिसीमा उनले बनाएका संरचनाहरूलाई यूनेस्कोले सन् २००० विश्व सम्पदामा सूचिकृत गरेको छ । जस्मा सान दामियानो, सात्रो कनभेन्तो र पोच्निउन्कला पर्दछ । पहिले रोमन पर्खालभित्र कैद गरिएको शहरको रूपमा आसिसी १३ औं शताब्दीपछि क्रमशः विस्तार हुन गयो ।

सन् १३४८ मा आएको प्लेग महामारीको कारण धेरै मानिसको ज्यान गएको रहेछ । आसिसीमा पर्यटकहरूको मुख्य आकर्षणको केन्द्रविन्दुहरूमा फ्रान्चेस्को दि आसिसीको वासिलिका (चर्च), सान्तामारिया माज्जोरेको चर्च, सान रूफिनोको क्याथेड्रल, सान्ता क्याराका वासिलिका, सान्तामारिया देग्ली आञ्जेलीको वासिलिका, कियसा नोभा, सान्तो स्तेफानो, सान पिटरको चर्च र एरेमो देल्ले कार्चेरीहरू पर्दछन् ।

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारक लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

Load-shedding No Problem
Solar-hybrid inverts are now available with heavy discount
Upto 15KVA
With 24 months Warranty
Sales & services of:
Laptop, Desktop, Printer & Fax, EPABX & Fittings, Inverter & Online UPS, Exide Batteries, Securities & Door Locks, CCTV Camera & Fittings, Biometric Devices & Fittings, Networking & Accessories etc.
B N COMPUTERS INTERNATIONAL
P. O. Box: 10904, New Plaza,Kathmandu, Nepal.
Tel.: 977-1-4444531, 4444532, Fax: 4444532
Cell: 977-9851051003, 9808869062
E-mail: E-mail: crossweb@wlink.com.np,

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

Remember us for the Construction of Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

सारा नेपाली मिलेर अन्याय, अत्याचारको विरूद्धमा लड्नु पर्छ र यस्तो अन्याय, अत्याचारबाट मुक्त हुनुपर्छ । यही नैं समयको माग हो ।
नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# नेकपा मालेले लिएको राष्ट्रवादी अडान र सिद्धान्त स्पष्ट रहेको छ

**निजामती सेवामा तीस वर्षभन्दा बढी समय बिताएर उपसचिव पदबाट सेवा निवृत्त हुनुभएका उपेन्द्रराज शर्मा काफ्ले मध्यबानेश्वरका वासिन्दा हुनुहुन्छ । नेपाली साहित्यमा समेत कलम चलाउनुभएका उहाँले पुस्तक लेखनका अतिरिक्त विभिन्न पत्रपत्रिकाहरूमा नियमित स्तम्भ लेख्ने गर्नुहुन्छ । निजामती सेवाबाट अवकाश प्राप्त जीवनलाई व्यवस्थित गर्दै आफ्नो अनुभवलाई देश विकासमा लगाउने संकल्पसहित राजनीतिमा होमिनुभएका शर्मा नेकपा (माले) को तर्फबाट काठमाडौं क्षेत्र नं. १ को उम्मेदवार हुनुहुन्छ । युरोप, अमेरिकालगायत विश्वका विभिन्न मुलुकहरूको भ्रमण गरेर विकासका मोडल हेरिसक्नुभएका काफ्ले आफ्नो देश पनि राम्रो पार्टी र नेताको हातमा पर्दा विश्वकै उत्कृष्ट बन्ने बताउनुहुन्छ । मिलनसारिता, प्रस्ट विचार र मुलुकको राष्ट्रियताप्रति मरिमेट्ने स्वभाव भएका काफ्लेसँग ग्रेटर नेपालका प्रतिनिधिले गरेको कुराकानी :**

**नेकपा (माले) सँग तपाईंको आस्था अथवा पार्टीगत संलग्नता किन रह्यो ?**

मैले आजभन्दा ७ वर्षअगाडि नेपाल सरकारको सेवाबाट निवृत्त भएपछि अब भावी जीवन के गरी बिताउने भन्नेतर्फ सोच्न थालेँ । कानुन व्यवसायीका रुपले सर्वोच्च लगायतका अदालतमा वकालत सुरु गर्नेतर्फ पनि सोचेँ । लामो समय काम गरेर अवकाश पाएको कर्मचारीका हैसियतले पुनः काममा व्यस्त हुन जाँगर चलेन । आफ्नो जीवनको प्रारम्भिक कालदेखिकै रुचि साहित्य साधनातर्फ थियो । सँगसँगै नेकपा (माले) का महासचिव सीपी मैनालीले बेलाबेला दिनु हुने आन्तरिक प्रवचन आदि कक्षामा पनि भाग लिन्थें । उहाँ नेपालको राजनीति, इतिहास, संस्कृति र राष्ट्रियताबारे व्यक्त गरेका सारगर्भित, लामा व्याख्यानहरु सुन्दा म प्रभावित भएँ ।

**राजनीतिक सिद्धान्तले कसरी प्रभाव पाऱ्यो ?**

म मार्क्सवाद लेनिनवाद सिद्धान्तको ज्ञाता होइन । तर राजनीतिक दृष्टिकोण भने मानिसमा भित्रभित्रै उत्पन्न हुने कुरा रहेछ । जुन पार्टीका नेताको विचार मन पर्छ र पार्टीले घोषित गरेका धारणा मन पर्छ, त्यतैतर्फ लागिंदो रहेछ । नेकपा (माले) ले अपनाएको राजनीतिक सिद्धान्तमा राष्ट्रवाद, हिमाल पहाड तराईका जनताबीचको सम्बन्ध, नेपाली भूराजनीतिको विश्लेषण, विशेष गरी २ छिमेकी राष्ट्रसँग स्थापित गर्नुपर्ने स्पष्ट कूटनीतिक धारणा, देशको सीमा रक्षाको स्पष्ट खाका र पर्यावरणीय व्यवस्थापन आदि कुरा चित्तबुझ्दो ढंगले प्रस्तुत भएको पाएँ । नेकपा (माले) सँगको राजनीतिक निकटता यिनै कुराका माध्यमबाट बढेको हो ।

**नेकपा (माले) को भविष्य कस्तो देख्नुहुन्छ ?**

भविष्य राम्रो नदेखिएको भए त यसमा आकर्षण नै आउँदैनथ्यो । नेकपा (माले) ले सधैं देशको राजनीतिमा अलग राष्ट्रवादी धार कायम गरेको छ । नेतृत्व वर्गका गहन विचार र पार्टीका घोषित नीति स्पष्ट र विद्वतापूर्ण छ । समय समयमा राष्ट्रिय राजनीतिमा यस पार्टीले पुऱ्याउने योगदानमा ढुलमुले नीति पनि देखिँदैन । हालैको राजनीतिक ध्रुवीकरणको जटिल मोडमा आइपुग्दा पनि पार्टीले आफ्नो वैचारिक अस्तितव र लोकप्रियतालाई मध्यनजर राखेर अहं निर्णय लिन सफल भयो । नेपाली राजनीतिको वर्तमान ध्रुवीकरणको अवस्थामा त पार्टीको सही निर्णयले यसलाई राष्ट्रिय राजनीतिको तेस्रो धारकै रुपमा स्थापित गऱ्यो भन्नुमा अत्युक्ति हुँदैन ।



**उपेन्द्र राज शर्मा काफ्ले**

**नेकपा (माले) काठमाडौं निर्वाचन क्षेत्र नं. १ का प्रत्यक्षतर्फका उम्मेदवार**

**हाल पार्टीबाट विभिन्न व्यक्तिहरूको बहिर्गमन पनि व्यापक मात्रामा भएको छ किन त ?**

राजनीतिमा पार्टी परित्याग विभिन्न कारणबाट हुने गर्छन् । विभिन्न स्वार्थले पनि काम गरेको हुन्छ । तर पार्टीको मियो दह्रो भइरहुन्जेल र कार्यकर्ताहरुमा आस्था नमरुन्जेल पार्टी जीवित रहन्छ र विस्तारै संगठन नयाँ ढंगले अगाडि बढ्छ । पुनः निष्ठावान व्यक्तिको समूहले पार्टी परिस्कृत हुन पुग्छ । दृढ राजनीतिक सिद्धान्तमा आधारित नेकपा (माले) जस्तो पुरानो ऐतिहासिक पार्टी सानोतिनो कम्पनले धरमराउन सक्दैन । विभिन्न पार्टी परित्याग गरी नेकपा (माले) प्रवेश गर्नेको संख्या पनि उल्लेख्य मात्रामा बढिरहेको छ ।

**काठमाडौं निर्वाचन क्षेत्र नं. १ जस्तो महत्वपूर्ण स्थानमा हाल तपाईंहरूको प्रचारप्रसार अभियान कसरी सञ्चालित हुँदैछन् त ?**

राजनीतिक पार्टीहरुका प्रचारशैली अलग अलग हुन्छन् । वर्तमान जमानामा प्रचारका धेरै कुरा विद्युतीय सञ्चार माध्यमबाट भित्रभित्रै भइरहेका हुन्छन् । हाम्रो प्रचारमा नि त्यो प्रशस्त प्रयोग भएको छ । घरदैलो र कर्नर भेटघाट पनि भएको छ । पार्टीको घोषणा पत्र र अन्य दस्तावेज पनि प्रवाह भइरहेका छन् । प्रचार जनतालाई अनावश्यक दबाब दिने, प्रलोभन बाँड्ने र जसरी पनि जित्नुपर्छ भन्ने धारणाबाट भने प्रभावित छैन । हुन पनि सक्दैन । निर्वाचन आचारसंहिता विपरीतको भड्किलो प्रचार गर्ने पक्षमा हामी छैनौं ।

**नेकपा (माले) को चुनावी नतिजाको पूर्वानुमान कस्तो गर्न सकिन्छ ?**

स्पष्ट राजनीतिक सिद्धान्तमा अडिग नेकपा (माले) लाई जनताले यस अघिका चुनावमा झैं मत खाल्ने नै बुझिन्छ । राष्ट्रिय राजनीतिमा यो पार्टीको अवस्था उचालिनेछ, खस्किने छैन भन्ने कुरा काठमाडौं क्षेत्र नं. १ का चेतनशील जनतासँगको जे जति गर्न सकिएको भेटघाट तथा अन्तर्क्रियाबाट निर्क्यौल निकाल्न सकिन्छ ।

**अन्तमा काठमाडौं संसदीय निर्वाचन क्षेत्र नं. १ का प्रबुद्ध जनतालाई के भन्न चाहनुहुन्छ ?**

आफ्नो मतको प्रयोग विवेक पुऱ्याएर गरौं । नेकपा (माले) को सर्वागिंण राष्ट्रवादी अवधारणा अध्ययन गरौं र बौद्धिकतामा आधारित मतदान गरौं- यही सादर अनुरोध गर्न चाहन्छु ।

# समाजसेवी वसन्ती गुरुङ चुनावी मैदानमा

रूकुम जिल्लाको तकसिलामा जन्मिएर पाल्पामा हुर्किएकी वसन्ती गुरुङ विगत पच्चीस वर्षदेखि काठमाडौंको गोंगबुमा बसोबास गर्दै आउनुभएको छ । समाजसेवाको क्षेत्रमा गहकिलो पहिचान बनाउनुभएकी गुरुङ राजनीतिमा समेत सक्रियतापूर्वक लाग्नुभएको छ । नेकपा (माले) को महिला संगठनमा आबद्ध भई समाजसेवा र राजनीतिलाई अघि बढाइरहनुभएकी गुरुङ असहाय बालबालिका, हिंसापीडित घरेलु महिला, असहाय महिलाको उद्धार, राहतमा सक्रिय हुनुहुन्छ ।

मन्दिर, सत्तल, बाटामा भेटिएका अभिभावकविहीन बालबालिकालाई विभिन्न संघसंस्था र विद्यालयहरूको सहयोग लिएर खाने, बस्ने र अध्ययन गर्ने वातावरण मिलाइदिन सक्रिय गुरुङले हालसम्म ५० जनाभन्दा बढी बालबालिकाको उद्धार गरेको बताउनुहुन्छ । आफूले बाल आश्रम खोलेर बालबालिका नराखे तापनि विद्यालय र बालबालिकाको हितमा खुलेका संस्थासँग समन्वय गरी असहाय बालबालिकाको व्यवस्थापन गर्ने गरेको वसन्ती बताउनुहुन्छ ।

आफ्नो जीवनयापनको लागि उहाँले कडा संघर्ष गर्दै आउनुभएको छ । आफूलगायत अरू तीसजना दिदीबहिनीहरूको रोजगारी सिर्जना गराएर उहाँले उदाहरणीय काम गर्नुभएको छ । ढाका कपडा बुन्ने, सुइटर, पञ्जा, मोजा, टोपी बुन्ने जस्ता सीप सिकाएर थुप्रै दिदीबहिनीलाई आत्मनिर्भर बन्ने बाटो देखाउनुभएकी गुरुङले दिदीबहिनीहरूले बनाएको सामानको बजार व्यवस्थापन पनि आफैं गर्नुहुन्छ । काठमाडौंको ठमेलदेखि पाल्पा, पोखरासम्मको बजारमा यस्ता उत्पादनहरू पुग्ने गरेका छन् । घरेलु उत्पादनको बजार अभाव भएको र बजार प्रबर्द्धन गर्ने काममा सरकारले कुनै सहयोग नगरेको उहाँ बताउनुहुन्छ ।

सिलाइ बुनाइका अतिरिक्त उहाँले वसन्ती मल्टी पर्पोज एग्रो फर्म पनि सञ्चालन गरेर बाख्रा र कुखुरा पालन कार्य गरिरहनुभएको छ । आफ्नै बुद्धिविवेक र पौरखले जीवनयापनका अतिरिक्त रोजगारी सिर्जना र समाजसेवामा संलग्न रहनुभएकी गुरुङ नेकपा (माले) को तर्फबाट काठमाडौं क्षेत्र नं. ६ 'क' बाट प्रदेशसभाको लागि प्रत्यक्षतर्फको उम्मेदवार हुनुहुन्छ । आफूले महिला दिदीबहिनीहरूलाई आत्मनिर्भर बन्ने बाटोमा प्रेरित गरिरहेको र यो अभियानलाई आफू उम्मेदवार रहेको क्षेत्रभरि विस्तार गर्ने योजना रहेको र त्यसका लागि सरकारको समेत चासो र सहयोग हुन आवश्यक रहेको उहाँ बताउनुहुन्छ । आफू प्रदेशसभा सदस्य भएको खण्डमा महिला दिदीबहिनी, बालबालिकाको हितका अतिरिक्त समग्र प्रदेश र देशकै विकास गर्ने अभियानमा संलग्न रहने उहाँ बताउनुहुन्छ । हँसिया तारा चिन्हमा भोट दिन उहाँले सबैसँग अपिल गर्नुभएको छ ।



नेकपा (माले) को तर्फबाट काठमाडौं क्षेत्र नं. ६ 'क' बाट प्रदेशसभाको लागि प्रत्यक्षतर्फको उम्मेदवार

# स्वच्छ र पारदर्शी राजनीतिबिना विकास असम्भव

**काठमाडौंको ह्युमत टोलमा ३४ वर्षअघि जन्मनुभएका शंकर महर्जन बहुमुखी प्रतिभाका धनी युवा हुनुहुन्छ । नेवारी लोकबाजा, धीमे बाजा र बाँसुरी वाद्यवादनका गुरू, मार्सल आर्ट र जीमका गुरू साथै नेपाली चलचित्रको द्वन्द्व कलाकारका रूपमा महर्जनको परिचय स्थापित भइसकेको छ । भ्गीगु नासःखलःका पूर्वअध्यक्ष, श्रेया इन्स्टुमेन्टल फ्युजन बैन्डका सदस्य, सरगम महिला बाँसुरी बैन्डका प्रशिक्षक सदस्य तथा थुप्रै संघसंस्थामा आबद्ध भई समाजसेवामा समेत योगदान पुर्‍याइरहेका महर्जनले स्नातक तहको औपचारिक शिक्षा हासिल गर्नुभएको छ । विद्यार्थीकालदेखि नै प्रगतिशील राजनीतिमा समेत सक्रिय रहँदै आउनुभएका उहाँ नेकपा (माले) को युवा फाँटमा आबद्ध हुनुहुन्छ । यसपटकको निर्वाचनमा प्रदेश नं. ३ को समानुपातिक उम्मेदवार रहनुभएका महर्जनसँग गरिएको कुराकानी प्रस्तुत छ :**



**शंकर महर्जन**
प्रदेश नं. ३ को समानुपातिक उम्मेदवार

**तपाईंले अरू थुप्रै पार्टीहरू भए पनि मालेलाई रोजेर राजनीतिमा लाग्नुको कारण के हो ?**

म नेकपा मालेले लिएको विचारबाट प्रभावित छु। मालेले राष्ट्रियताको सवालमा प्रस्ट विचार राखेको छ। विगतमा सडक र सदनमा समेत मालेले राष्ट्रियताको पक्षमा गतिलो अडान राख्दै आएको छ। माले पार्टी बनेकै नेपाली राष्ट्रियताको रक्षाका लागि हो। महाकाली सन्धिमा नेकपा एमालेले गरेको राष्ट्रघातको साक्षी बस्न नसक्नेहरुले माले पार्टीलाई निरन्तरता दिएको हो। कालापानी, सुस्तालगायत मेचीदेखि महाकालीसम्म भारतीय अतिक्रमणमा परेका नेपाली भूमिको बारेमा मालेले स्पष्ट दृष्टिकोण राखेको छ । त्यसैगरी सुगौली सन्धिले गुमेका टिस्टा, काँगडाका भूभागको बारेमा समेत मालेले प्रश्न उठाइरहेको छ । यसका अलावा नेकपा (माले) ले नेपाली जनताको जनजीविकाको सवालमा होस अथवा युवाहरुको सवालमा होस् पार्टीको दृष्टिकोण स्पष्ट रहेको छ । रोजगारीको खोजीमा विदेशिएका लाखौं युवालाई स्वदेशमै रोजगारी दिने गरी राष्ट्रिय अर्थतन्त्रको विकास गर्नुपर्छ भन्ने दृष्टिकोण मालेको छ। रेमिट्यान्सको भरमा मुलुक चलाउनेहरुले राष्ट्रिय पुँजीभन्दा पनि दलाल पुँजीपतिको पक्षपोषण गर्ने नीति लिएका छन् । मालेको दृष्टिकोण भिन्न रहेको छ । यिनै विविध कारणले म मालेको राजनीतिमा आबद्ध भएको हुँ ।

**तपाईं नेपाली कला, संस्कृतिको जगेर्ना गर्ने कार्यमा सक्रिय युवा हुनुहुन्छ । राजनीतिलाई सँगसँगै कसरी अघि बढाउनुहुन्छ ?**


हो मेरो प्रमुख क्षेत्र कलाकारिता नै हो, तर राजनीतिमा पनि म विगतदेखि नै सक्रिय छु। हामीजस्ता युवा शक्तिहरुले राजनीतिमा चासो नलिएर मैदान खाली गरिदिएकै कारण पुरातनवादी सोच भएका व्यक्तिहरुको राजनीतिमा हालिमुहाली बढेको छ। स्वच्छ र पारदर्शी राजनीतिबिना कुनै क्षेत्रको पनि विकास हुन सक्दैन। सिंगो मुलुक सञ्चालन गर्ने मुख्य औजार नै राजनीति भएकाले आफ्नो कामका सँगसँगै राजनीतिलाई जोडेर अघि बढ्ने निर्णय गरेँ ।

**तपाईं समानुपातिक उम्मेदवार हुनुहुन्छ, के कस्ता चुनावी मुद्दा लिएर अघि बढ्नुभएको छ ?**

मैले उठाउने मुद्दा भनेकै पार्टीले उठाएका मुद्दा हुन् । नेकपा (माले) ले सार्वजनिक गरेको घोषणापत्रमा ती सबै समेटिएका छन् । त्यसका अलावा म एउटा राजधानी सहरमा जन्मेको युवा भएकाले यहाँका सहरी युवाको पनि प्रतिनिधित्व गर्छु र ती युवाका समस्याहरुसँग म निकट रहेको छु । सहरी युवा पनि बेरोजगारी समस्याले आक्रान्त बनेका छन् । सम्पन्न परिवारका युवाहरु राम्रो अवसर पाएर अध्ययन गरिरहेका छन् भने विपन्न परिवारका युवाहरुले उचित शिक्षाको अभाव झेलेका छन् । अध्ययनको कमीले विभिन्न कुलतमा फसेर जिन्दगी बर्बाद बनाइरहेका छन् । राज्यले उनीहरुको समस्या बुझेर अध्ययन र रोजगारीको अवसर दिनुभन्दा विभिन्न अभियोगमा जेल हाल्ने गर्छ । सहरको अवसरबाट विस्तारै किनारामा धकेलिएका यस्ता हजारौं युवाको समस्याबारे म आवाज उठाउनेछु। त्यसैगरी सहरको भित्री भागमा गरिबी र बेरोजगारी तीव्र रुपमा बढेको छ । जसले गर्दा महिला, बालबालिका र बूढा आमाबुबाहरु पनि उचित खानपान, स्वास्थ्योपचारको अभाव झेलिरहेका छन् । 'बत्तीको फेदमा अँध्यारो' भनेझैं राजधानी सहर भए पनि थुप्रै समस्या रहेका छन् । मैले यस बारेमा पनि बोल्नेछु। त्यसैगरी सिंगो नेपाललाई नै विश्वको कंगाल, भ्रष्ट र प्रदूषित बनाउने काममा जिम्मेवार रहेका भ्रष्ट नेताहरुको भण्डाफोर गर्ने पनि मेरो एजेन्डा हुनेछ ।

**तपाईं मतदाताहरूलाई के भन्न चाहनुहुन्छ ?**

मेरो अपिल यो छ कि हामी कसैले पनि व्यक्तिगत प्रलोभनमा परेर मतदान नगरौं । गैरकानुनी ढंगले मुलुकलाई लुट्नेहरुले पैसाको खोलो बगाएर तडकभडक साथ प्रचार गरिरहेका छन् । यस्ताको पछि लाग्नुभन्दा सही नीति र स्वच्छ छवि भएको व्यक्तिलाई रोजौं । नेकपा (माले) ले लिएको नीति, कार्यक्रम साँच्चीकै देशको आवश्यकता अनुकूल भएकाले हँसिया तारा चिन्हमा मतदान गरी म लगायत पार्टीका उम्मेदवारहरुलाई विजयी बनाउन हार्दिक अनुरोध गर्छु ।



हँसिया तारामा मतदान गरौं,
"प्रगतिशील लोकतान्त्रिक गठबन्धन" का
उम्मेदवारहरूलाई विजयी गराऔं !

क.उपेन्द्रराज काफ्ले
काठमाडौं क्षेत्र नं.१
प्रतिनिधिसभा सदस्य उम्मेदवार

क.सुरेन्द्र ढकाल
प्रदेश नं.३, समानुपातिक
उम्मेदवार

चुनाव चिन्ह

क.चन्द्रप्रसाद श्रेष्ठ
काठमाडौं क्षेत्र नं. १(१)
प्रदेशसभा सदस्य उम्मेदवार

क.कोपिला श्रेष्ठ
काठमाडौं क्षेत्र नं.१(२)
प्रदेशसभा सदस्य उम्मेदवार

'हँसिया तारा' चिन्हमा मतदान किन ?

- राष्ट्रिय स्वाधिनताको रक्षा गर्न,
- भ्रष्टाचारको उन्मूलन गर्न,
- महंगी र कालाबजारिया नियन्त्रण गर्न,
- गरिबी उन्मूलन र स्वरोजगारको व्यवस्था गर्न,
- वास्तविक सुकुम्वासीहरुको यथोचित व्यवस्थापन गर्न,
- रोजगारमुलक शिक्षाको प्रवर्द्धन, प्रदुषण विहिन, सभ्य र लोककल्याणकारी समाज निर्माण गर्न,
- सामाजिक सुरक्षा र मानव अधिकारको पूर्ण प्रत्याभूत गर्न,
- क्षेत्रको समग्र विकास र आर्थिक समृद्धिको निम्ति ।

-निर्वाचन प्रचार तथा प्रसार समिति
नेकपा (माले) र जसपा निर्वाचन क्षेत्र नं. १, काठमाडौं



चुनाव चिन्ह
बृहत रामेछाप विकासको लागि
रामेछाप जिल्लाका उम्मेदवारहरु

प्रतिनिधिसभाका लागि प्रत्यक्ष उम्मेदवार
मोहन कार्की (मो. ९८५१०८७१५६)

३ नं. प्रदेशका लागि समानुपातिक तर्फका उम्मेदवार
सुरेन्द्र प्रसाद ढकाल

राजु योञ्जन तामाङ

प्रताप तामाङ

रामेछाप जिल्लाबाट प्रतिनिधि सभाका लागि समानुपातिक तर्फका उम्मेदवार
ओमबाबु पुरी

रामेछाप जिल्लाबाट प्रदेश सभाको लागि महिला समानुपातिकतर्फ
माया कार्की

रामेछाप जिल्लाबाट प्रदेश सभाका लागि समानुपातिकतर्फका उम्मेदवार
उद्धवलाल श्रेष्ठ

हँसिया तारामा मतदान किन ?

★ राष्ट्रिय स्वतन्त्र कायम गर्दै राष्ट्रिय अस्तित्वको रक्षाको गर्न ।
★ विकृतिपूर्ण रहेको राजनीतिलाई अन्त्य गरेर समाजसेवी संस्कार बसाउन ।
★ सांसदबाट लिइने तलब जनताको सेवामा लगाउन र भ्रष्टाचारको अन्त्य गर्न ।
★ ठोसेमा रहेको फलामखानी यथाशक्य चाँडो सञ्चालनमा ल्याउन ।
★ खाडादेवी मन्दिरको ऐतिहासिक क्षेत्रको विकास गराउन ।
★ खैरनी घाट गाल्पा सडक जोड्ने खैरेनीघाटको पुल यथाशक्य चाँडो निर्माण गराउन पहल गर्न ।
★ पम्पिङ सिँचाइको अवधारणा बनाइ सुक्खा क्षेत्रमा सिँचाइको व्यवस्था गराउन ।
★ भूकम्पबाट प्रभावित भएका स्कुलहरुलाई छिटोभन्दा छिटो निर्माण गर्न पहल गर्ने ।


## हँसिया-तारामा मतदान गरौं, 'प्रगतिशील लोकतान्त्रिक गठबन्धन' का उम्मेदवारहरूलाई विजयी गराऔं




**क. सी.पी. मैनाली**
महासचिव, नेकपा (माले) एवम्
प्रतिनिधिसभा सदस्य
समानुपातिक उम्मेदवार



**क.अपसरा विष्ट**
प्रदेश नं. ३ समानुपातिक उम्मेदवार

चुनाव चिन्ह



**क.सुरेन्द्र ढकाल**
प्रदेश नं. ३, समानुपातिक उम्मेदवार

**आदरणीय जनसमुदायहरू !**
नुवाकोट शिवपुरी गाउँपालिका अन्तरगत बिभिन्न विद्यालयहरू र वस्तीका महिला समूहहरूमा सशक्तिकरण अभियान संचालन गर्नुहुने बालबिकास समाजका कोषाध्यक्ष सुरेन्द्र ढकाल हाल नेकपा (माले) को पोलिटव्युरो सदस्य हुनुहुन्छ । उहाँ आसन्न प्रदेशसभाको निर्वाचनमा पार्टीको तर्फबाट प्रदेश नं ३ को समानुपातिक उम्मेदवार पनि हुनुहुन्छ । समाजसेवी ढकाललाई विजय गराउनको निम्ति नेकपा (माले) र जनसमाजवादी पार्टी, नेपालको एकल चुनाव चिन्ह हँसिया तारामा आफ्नो अमूल्य मत दिनुहुन सबैमा अनुरोध गर्दछौं ।

**"हासिया तारा" चिन्हमा मतदान किन ?**
- राष्ट्रिय स्वाधिनताको रक्षा गर्न,
- महंगी र कालाबजारिया नियन्त्रण गर्न,
- सामाजिक सुरक्षा र मानव अधिकारको पूर्ण प्रत्याभूत गर्न,
- रोजगारमुलक शिक्षाको प्रवर्द्धन, प्रदुषण विहिन, सभ्य र लोककल्याणकारी समाज निर्माण गर्न,
- भ्रष्टाचारको उन्मूलन गर्न,
- गरिबी उन्मूलन र स्वरोजगारको व्यवस्था गर्न,
- वास्तविक सुकुम्वासीहरूको यथोचित व्यवस्थापन गर्न,

प्रेरक

## ठूलो होइन बिक्री हुने लेखक

विश्वप्रसिद्ध वित्तविज्ञ तथा लेखक रबर्ट कियोसाकी आफ्नो सफलता र असफलतालाई नियाल्थे । उनी आफूले गरेका कामको आफैं मूल्यांकन गर्थे । जीवनमा आर्थिक संकट आएमा त्यसको कारण पहिल्याउँथे । आम्दानी खर्चको विवरण राख्थे र सन्तुलन मिलाउँथे । अर्थशास्त्रका किताबहरूको गहिरो अध्ययन गर्थे र त्यसमा आफ्नो दृष्टिकोण प्रस्तुत गरिहाल्थे । उनी आर्थिक रूपले सम्पन्न थिएनन् । तर सम्पन्न बन्ने तरिकाहरूको खोजी भने गरिरहन्थे । सफल बन्ने उनको अथक प्रयासले नै उनी वित्तविज्ञ बनेरै छोडे । त्यसपछि त प्रकाशन गृहले उनका लेखहरू किताबहरू छाप्न तँछाडमछाड नै गर्न थाले । उनी हातहातै बिक्ने ठूलो लेखक भए । नाम र दाम दुवै कमाएँ ।

एक दिन एउटी पत्रकारले कियासाकीलाई भेटिन् र आग्रह गरिन् । मलाई पनि तपाईं जस्तै ठूलो लेखक बन्ने इच्छा छ कसरी लेखक बन्ने सिकाइदिनोस् न । कियासाकीले जवाफ दिए- तपाईं कुनै वाणिज्य क्षेत्रमा नोकरी गर्नोस् । पत्रकार आश्चर्यचकित भइन् र फेरि भनिन्- म तपाईंसँग लेखक बन्ने तरिका सोधिरहेकी छु । कहाँ तपाईं नोकरीको कुरा गरिरहनुभएको छ । कियासोकीले भने वाणिज्य क्षेत्रमा काम गर्दा तपाईंलाई आर्थिक गतिविधिबारे थाहा हुन्छ र त्यसबारे लेख लेख्न सक्नुहुन्छ । पत्रकारले भनिन्- म तपाईं जस्तै ठूलो लेखक पो बन्न चाहन्छु छ । कियासोकीले मुस्कुराउँदै जवाफ दिए- माफ गर्नुहोला म तपाईंले भनेजस्तो कुनै ठूलो लेखक होइन । म त सबभन्दा बढी बिक्री हुने लेखक मात्र हुँ ।

## साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

स्वास्थ्यमा कमजोरी अनुभूति हुनेछ भने चिताएको काममा विलम्ब हुन सक्छ । समयको तालमेल नमिल्दा योजना अधुरै रहनेछ । आफ्ना विषयवस्तुमा अरूले दाबी गर्न सक्छन् । बौद्धिक व्यक्तित्वहरूसँग प्रतिस्पर्धा गर्नुपर्ने स्थिति आउन सक्छ । नतिजा कमजोर हुनाले काम दोहोर्याउनुपर्ला । नयाँ योजना कार्यान्वयनमा ल्याउन समय पर्खनुहोला ।

### बृष

मान्यजनसँग असमझदारी बढ्नेछ भने हठ गर्ने बानीले पनि समस्या निम्त्याउन सक्छ । आसलाग्दो काम बिग्रनाले मन खिन्न हुनेछ । बेलैमा सजग नबन्दा व्यवहारमा दुःख पाइनेछ । अरूको सुझावमा भर नपर्नुहोला । महत्वाकांक्षी योजना पनि तत्काल सार्वजनिक नगर्नुहोला । परिवारजनको सहयोग लिँदा राम्रो हुनेछ । मेहनत गर्दा पछिलाई फाइदा हुनेछ ।

### मिथुन

अग्रजहरूको सहयोग जुट्नुका साथै पराक्रमी काम सम्पादन हुनेछ । सहयोगीहरूले राम्रो फाइदा दिलाउनेछन् । रोकिएका काम बन्ने र नयाँ काम प्रारम्भ गर्ने समय छ । उद्योग र व्यापारमा मनग्गे फाइदा हुनेछ । मिहिनेतले जीवनशैलीमा सुधार ल्याउनेछ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ भने निरन्तर लागिपर्दा आँटेको काम बन्न सक्छ ।

### कर्कट

हडबडीले काम बिग्रनेछ भने सानो गल्तीले मौका गुम्न सक्छ । बोलीको गलत अर्थ लाग्नाले वादविवादमा परिने सम्भावना छ । अध्ययनमा त्यति समय दिन नसकिएला । स्थायी सम्पत्तिमा पनि विवाद आउन सक्छ । अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ । विचार सम्प्रेषण गर्न केही समय पर्खनु बुद्धिमानी हुनेछ ।

### सिंह

पहिलेको सफलताले हौसला जगाउनेछ । बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ भने नयाँ कामको प्रस्ताव आउनेछ । मनग्गे धनलाभ हुने समय छ । विगतका कमीकमजोरीलाई पनि सुधार गर्ने मौका छ । प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ ।

### कन्या

आँटेको काममा अवरोध आउनुका साथै खर्च समेत बढ्न सक्छ । व्यवसायमा लगानी बढाउनुपर्ने समय छ । आफ्नै कमजोरीले विवादमा परिएला । प्रतिस्पर्धामा पनि केही कमजोर साबित भइएला । आफन्तबाट टाढिनुपर्ने परिस्थिति आउन सक्छ । काममा स्थानान्तरण हुने समय छ । यात्राका लागि खर्च हुनेछ । वैदेशिक क्षेत्रबाट भने सामान्य लाभ उठाउन सकिनेछ ।

### तुला

मिहिनेतले आम्दानी बढाउनेछ । आयस्रोत बढ्नेछन् भने उठ्नुपर्ने रकम हातलागी हुने समय छ । कृषि, पशुपालन तथा व्यापारमा मनग्य लाभ हुनेछ । दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ । अध्ययनमा राम्रै प्रगति हुनेछ । नयाँ ज्ञान सिक्ने समय छ । सञ्चित धनको उपयोगबाट विशेष फाइदा हुनेछ । श्रमको उचित मूल्यांकन होला । दिन उत्साहवर्द्धक रहनेछ ।

### बृश्चिक

प्रतिष्ठित काम गरेर धेरैको मन लोभ्याउन सकिनेछ । विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ । अरूलाई प्रभावित पारेर काम बनाउने समय छ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्ने योग छ । व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ । मिहिनेत गर्दा कीर्तिमानी काम बन्न सक्छ ।

### धनु

अवसर आए पनि नयाँ काममा हात हाल्नुअघि राम्ररी विचार पुर्याउनुहोला । बाध्यतामा अलमलिनुपर्ला । श्रम परे पनि कामको उचित मूल्य नपाइने परिस्थिति देखिन्छ । स्वास्थ्यमा कमजोरी र काममा बाधा हुनेछ । जीवनशैली व्यस्त रहे पनि उपलब्धिविहीन काममा समय बित्न सक्छ । नयाँ काम गर्न समय पर्खनुहोला । गरी आएको कामलाई निरन्तरता दिन सकिनेछ ।

### मकर

काममा केही चुनौती देखिए पनि प्रयत्न गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । सहयोगीहरूले अप्ठ्यारो समयमा साथ दिनाले चुनौतीहरूलाई पार लगाउन सकिनेछ । गोप्य रहस्य पत्ता लाग्नेछन् भने नसोचेको धन लाभ हुन सक्छ । तापनि, सानातिना समस्याले केही अप्ठ्यारो परिस्थिति सिर्जना हुने देखिन्छ । स्वास्थ्यमा पनि अलि कमजोरी अनुभूति हुन सक्छ ।

### कुम्भ

परिवारजनको साथले उत्साहित भइनेछ । प्रेम वा मित्रताको बन्धन कसिने समय छ । भौतिक साधन जुट्नेछ भने आम्दानी बढाउने काम प्रारम्भ गर्न सकिनेछ । आयआर्जन राम्रै हुनेछ । कामबाट फुर्सदिलो भइनेछ भने अतिथिका रूपमा सत्कार समेत पाइने सम्भावना छ । व्यापार-व्यवसायमा लाभ हुनेछ । व्यावसाय विस्तारका लागि यात्रा गर्ने अवसर जुट्नेछ ।

### मीन

लगनशीलताले अप्ठ्यारा परिस्थितिलाई समेत सहज बनाउन सकिनेछ । रकम तथा भौतिक साधन जुट्नाले दिन उत्साहजनक रहनेछ । शत्रुभाव राख्नेहरू स्वयं कमजोर हुनेछन् । बुद्धिको उपयोगले अधिकार र प्रतिष्ठा जोगाउन सफल भइनेछ । दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ । लामो यात्राको प्रक्रिया अघि बढ्नेछ । मिहिनेतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ ।

बांगा कविता

## थुइक्क राजनीति



● प्रेम ओली
(ढकलपुरे)

जीवनभरि पार्टीको झोला बोकें
पुलिसले पनि लाठी बुटले ठोके
तर आज
न समानुपातिकमा परें, न प्रत्यक्षमा परें
भर्खर पार्टीमा छिरेका
कतै धनबहादुर
कतै डनबहादुर पो सांसद अरे
थुक्क राजनीति !
यो कस्तो राजनीति गरें ।

न झरी न गर्मी, पार्टी बनाउँदै हिँडियो
पार्टीको लागि ,दिलो ज्यान दिएर भिडियो
आफ्नो मूल्याङ्कन होला भनी
पार्टीका नेताको भरोसामा परेँ
टुरिस्ट पो आफ्नो क्षेत्रको उम्मेदवार अरे
थुइक्क राजनीति !
यो कस्तो राजनीति गरें ।

जीवनभरी पार्टीको लागि
कहिले भूमिगत बसियो
कहिले जेलतिर पसियो
कहिले जङगलतिर भागियो
कहिले बनारसतिर लागियो
आज उम्मेदवार हुँदा
कतै तस्कर कतै गुण्डा अरे
कतै लोफर कतै लफङगा अरे

थुइक्क राजनीति !
यो के राजनीति गरें ।

पार्टीको मूल्याङ्कन पनि कस्तो
राजाकै पालाको जस्तो
कि त नेताको साला हुनुपर्ने
कि त ज्वाइँचेला हुनुपर्ने
त्यो भएन भने
कि डनबहादुर हुनुपर्ने
कि धनबहादुर हुनुपर्ने
आफू यसमा कुनै परिएन, त्यसैले
यसपालि पनि उम्मेदवारमा नाम दरिएन
अब डनबहादुर नै सांसद
डनबहादुर नै मन्त्री, प्रधानमन्त्री होला
कठैबरा देश ! त्यो बेला झन्
यसको हालत कस्तो होला ।

## ह्वीलचेयर बास्केटबल प्रतियोगिता हुने

काठमाडौं । नेपाल स्पाइनल कर्ड इन्जुरी खेलुकुद संघको आयोजनामा नेपालमा पहिलोपटक सार्कस्तरीय ह्वीलचियर बास्केटबल प्रतियोगिता हुने भएको छ । प्रतियोगिता कात्तिक २९ देखि मंसीर २ गतेसम्म श्री जगदल गण, आर्मी व्यारेक बास्केटबल कोर्टमा हुने संघको मिडिया कोअर्डिनेटर मदनकृष्ण सिलवालले एक विज्ञप्ति प्रकाशित गरी जनाएका छन् । विज्ञप्तिमा भनिएको छ-

नेपाल सरकारका उपराष्ट्रपति नन्दकिशोर पुनःले कात्तिक २९ गते एक कार्यक्रमबीच प्रतियोगिताको उद्घाटन गर्नु हुनेछ । उद्घाटनसत्रमा सम्पूर्ण अतिथि तथा कलाकारहरुलाई स्वागत गर्न नेपाली मयुर नृत्य प्रस्तुत गरिने छ । साथै, स्वागत गीत र नृत्यहरु समेत प्रस्तुत गरिनेछ । सो प्रतियोगितामा नेपाल, भारत र वंगलदेशका ह्वीलचियर वास्केटवल टिमहरुको सहभागिता रहेन छ । यस खेलमा स्पाइनल कर्ड इन्जुरी भएका जम्मा ७२ जना खेलाडीको टिम रहने छ जसमा २४ जना महिला खेलाडीहरुले सहभागी जनाउनेछन् । प्रतियोगितामा नेपाल, भारत र बंगलादेशबाट महिला तथा पुरुष गरी ६ टीमको सहभागिता रहने छ । पाकिस्तानले सहभागिता जनाउने भनिएता पनि सहभागिता हुन सकेन ।

यो प्रतियोगिताको लागि नेपालका ख्यातिप्राप्त कलाकारद्वय मह जोडी (हरिवंश आचार्य र मदनकृष्ण श्रेष्ठ) ब्राण्ड एम्बेसडर रहेका छन् भने प्रतियोगिताको उद्घाटन अघि सहभागि सम्पूर्ण टिमका खेलाडीहरुसहित खेलप्रेमी स्पाइनल इन्जुरी भएकाहरुलाई अपङ्गता मैत्री नाराका साथ स्थानीय स्तरमा जागरण अभियानका समेत सम्पन्न भएका छन् । मंसीर १ गते चन्द्रागिरिमा केवल कारमा खेलाडीहरुलाई भ्रमणको लागि लगिने भएको छ । प्रतियोगिताको लागि जम्मा-जम्मी पैत्तालिस लाख रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ ।

## मलेसियाबिरुद्ध नेपालको ८ विकेटको जित

२८ कात्तिक, काठमाडौं । एसीसी यू(१९ एशिया कप क्रिकेटको समूह चरणमा नेपालले घरेलु टोली मलेसियामाथि ८ विकेटको शानदार जित हासिल गरेको छ । मलेसियाले दिएको ४६ रनको लक्ष्य नेपालले २ विकेट गुमाएर ५.३ ओभरमा पूर गर्यो ।ओपनर आशिफ शेख ४ रनको व्यक्तिगत स्कोरमा आउट भएपछि आएका कप्तान दिपेन्द्र सिंह ऐरीले लगातार २ छक्का प्रहार गरी आउट भए । अर्का ओपनर अनिल साहले २६ र चौथो नम्बरमा आएका भीम सार्कीले अविजित ३ रन प्रहार गरी नेपाललाई ८ विकेटको जित दिलाए ।

साहले छक्का प्रहार गरी नेपालाई जित दिलाएका हुन् । बलिङतर्फ मलेसियाका विजय उन्नीले २ विकेट लिए । यसअघि बायुमास ओभलमा टस हारेर पहिले ब्याटिङ गरेको घरेलु टोली मलेसियाले १५.३ ओभरमा सबै विकेट गुमाएर ४५ रन बनाएको थियो । वर्षाका कारण डकवर्थ लेविस नियम अनुसार २४ ओभरमा झारिएको खेलमा नेपालको शशक्त बलिङ आक्रमणसामू मलेसिया निरिह बनेको थियो ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Unfaltering = खुट्टा नकमाइकनै, सिधै He crossed the dangerous bridge with unfaltering step (उस्ले खतरनाक पुल खुट्टा नकमाइकनै पार गर्यो)

Viscid = टासिने Resin from pine tree is always viscid (सल्लाको खोट टासिने किसिमको हुन्छ )

Wily = धुर्त She is as wily as a fox (तिनी फ्याउरो जत्तिकै धुर्त छिन)

Avocation = अतिरिक्त पेशा As his main job could not be lucrative, he concentrated more on his avocation (मुख्य कामबाट राम्रो कमाइ नभएको हुंदा उस्ले आफ्नो ध्यानलाई अतिरिक्त पेशा तर्फ केन्द्रित गर्यो )

Bleak = चिसो, उजाड Making a bleak island into an inhabitable place is always challenging उजाड टापुलाई वस्नयोग्य वनाउने कार्य ज्यादै चुनौतिपूर्ण हुन्छ )

Culpable = दोषी, अभियुक्त Politicians are equally culpable if they do not take action against corruption (भ्रष्टाचार विरुध्द कारवाही गर्न नसक्ने राजनितिज्ञहरूनै भ्रष्टाचारका अभियुक्तहरू हुन)

Dogmatic = सिध्दान्तमा कटट्र Some dogmatic leaders who do not believe in ideological political reform can not lead a country towards modernization ( राजनीतिमा विचारात्मक सुधारमा विश्वाश नगर्ने कट्टरवादी नेताहरूले देशलाई आधुनिकिकरण तर्फ डोर्याउन सक्तैनन )

Expropriate = अर्काको संपती आफ्नो अधिनमा लिनु The people went to court against government's right to expropriate their lands (आफ्नो भूमि माथिको अधिकार खोस्ने राज्यको अधिकारको विरुध्द जनताहरूले अदालतमा गए)

Fractious = नियन्त्रणमा लिन नसकिने A fractious horse always unseats its rider (नियन्त्रणमा लिन नसकिने घोडाले सधै चढ्ने मानिसलाई खसालीदिन्छ)

Glutinous = टास्सिने Plastic when burns becomes glutinous (प्लाष्टिक वल्दा टास्सिने हुन्छ )

## सामान्य ज्ञान

**नेपालका सबै नदीहरू उत्तरबाट दक्षिणतिर बगेका छन् तर एउटा दक्षिणबाट उत्तरतर्फ बगेको छ त्यसको नाम के हो ?**
● कर्मनाशा नदी

**बिरूवाको माटोबाट सोसेको पानी पातसम्म पुऱ्याउने नलीलाई के भनिन्छ ?**
● डाइनीय

**पशुपतिनाथ मन्दिरमा भएको ठूलो बसाहा स्थापना गर्ने व्यक्ति को हुन् ?**
● जनरल जगतजंग

**अन्तरिक्षमा पैदल यात्रा गर्ने प्रथम महिला को हुन् र कुन देशका हुन् ?**
● स्वेलाना सावित्स्सकाया, रूस

**विश्वको प्रथम महिला अन्तरिक्ष यात्री को हुन् र कुन देशको हुन् ?**
● भेलेनतिना टेरेस्कोभा, युएसएसआर

**भगवान श्रीकृष्णले लगाउने पाँचथरी फूलको मालालाई के भनिन्छ ?**
● वैजयन्ती माला

**विश्वको सबैभन्दा महँगो फुटबल खेलाडी को हुन् ?**
● डियगो म्याराडोना

**चामलमा हुने कीरालाई के भनिन्छ ?**
● चिल्सा

**नेपालकी प्रथम महिला राजदूत को हुन् ?**
● श्रीमती वृन्दा शाह

**नेपालमा मोटर चलाउन लाइसेन्स प्राप्त गर्ने प्रथम महिला को हुन् ?**
● श्रीमती मन्छुरादेवी

**नेपालमा बीएस्सी पास गर्ने प्रथम व्यक्ति को हुन् ?**
● कर्णेल शिवप्रताप शमशेर थापा

**नेपालमा गणित विषयमा पीएचडी गर्ने प्रथम व्यक्ति को हुन् ?**
● प्रो.नारायणबहादुर मानन्धर

**नेपालमा नर्सिङ विषयमा डाक्टर अफ एजुकेसन डिग्री प्राप्त गर्ने प्रथम महिला को हुन् ?**
● सुश्री उमादेवी दास

**नेपालका प्रथम सहिद को हुन् ?**
● लखन थापा

## फरक थाहा पाई राख्नुहोस्

Highbrow = सुसस्कृत । ठुलावडा Very few affluent persons like to go to highbrow drama (धेरै कम ठूलावडाहरूमात्र उच्चस्तरको नाटक हेर्न मनपराउदछन )

Hoipollio = सर्वसाधारण This film is not for hoipolloi rather for high brow यो सिनेमा सर्वसाधारणको लागि होइन ठुला वडाको लागि हो ।

Historic = इतिहास वनाउने खालको । पहिले कहिले नभएको The victory of Nepalese Cricket Team in Pakistan was historic पाकिस्तानमा भएको नेपाली क्रिकेट टिमको विजय पहिले कहिले नभएको घटना हो ।

Historical = इतिहास संग संवन्धित । ऐतिहासिक He prefers reading historical novels ऊ इतिहासमा आधारित उपन्यास पढ्न मन पराउछ ।

Hoard = राम्रो संग भण्डारन गरिएको वस्तु वा संपत्ती The miser is very proud of his hoard छुच्चो मानिस आफूले थुपारेको संपत्ती प्रति गर्व गर्दछ ।

Horde = भिड । ठूलो संख्या The new singer has a hordes of fan नया गायकको प्रशंसकहरूको संख्या ठूलै छ ।

Comely = प्रशन्न अनुहार भएको He is very happy because he has got a comely wife उ खुसी छ किनकी प्रशन्न अनुहार भएकी श्रीमती पाएको छ ।

Homely = सादा, गृहस्थि I do not like a beautiful rather a homily woman मलाई सुन्दरी भन्दा पनि सादा महिला मन पर्दछ )

Honorarium = काम गरेवापत आर्थिक रुपमा दिइएको सम्मान It is not a fee for your service rather merely a honorarium यसलाई आफ्नो सेवा शुल्क नठान्नुस सम्मानको लागि गरिएको सानो भेटमात्र ठान्नुहोस ।

Remuneration = पारिश्रमिक His remuneration for the consultancy is very high सल्लाह सेवा वापत उस्ले लिने पारिश्रमिक ज्यादै उच्च छ ।

Salary = महिनावारी वा तलव Her salary has not increased for last three years तीन वर्ष देखि उस्को तलव वढेको छैन ।

## सुडोकु-अंक ७७

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | | ४ | | | | ७ | | ८ |
| | | | | ८ | | | | |
| | | ६ | ४ | १ | ७ | ५ | | |
| | ९ | | ७ | ४ | ३ | | २ | |
| | | ५ | | | | ४ | | |
| | २ | | १ | ५ | ९ | | ८ | |
| | | १ | ६ | ३ | ८ | ९ | | |
| | | | | २ | | | | |
| ८ | | २ | | | | ६ | | १ |

## अंक ७६ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | २ | ६ | ७ | ८ | ९ | ४ | १ | ५ |
| ८ | १ | ९ | २ | ४ | ५ | ७ | ३ | ६ |
| ५ | ४ | ७ | ६ | १ | ३ | ८ | २ | ९ |
| ९ | ५ | ४ | ८ | ३ | ७ | २ | ६ | १ |
| २ | ७ | ८ | ५ | ६ | १ | ९ | ४ | ३ |
| १ | ६ | ३ | ९ | २ | ४ | ५ | ८ | ७ |
| ४ | ९ | १ | ३ | ५ | २ | ६ | ७ | ८ |
| ७ | ८ | २ | १ | ९ | ६ | ३ | ५ | ४ |
| ६ | ३ | ५ | ४ | ७ | ८ | १ | ९ | २ |

# बाल विकास समाजका विभिन्न क्रियाकलापहरु



मन्तव्य राख्दै वरिष्ठ अधिकृत प्रेमबहादुर थापा



कार्यक्रम सञ्चालन गर्दै अधिकृत सरिता महर्जन



अभिमुखीकरणमा सहजीकरण गर्दै प्रशिक्षक सन्जोग ठकुरी



अभिमुखीकरण कार्यक्रमका सहभागीहरू



कार्यक्रममा मन्तव्य राख्दै वडा अध्यक्ष



ज्ञानोदय आधारभूत विद्यालयमा निर्माण हुने शौचालय र खानेपानी स्थलको अवलोकन गर्दै टोली



शौचालय निर्माण स्थलको नापजाँच गर्दै इन्जिनियर टोली



नक्सा र सम्झौता अनुसार अवलोकन टोलीबाट अनुगमन मूल्यांकन गर्दै



खानेपानी मुहानको अवलोकनका क्रममा अन्तरक्रिया गर्दै विद्यालय र अवलोकन टोली

## बालमैत्री स्थानीय शासन सम्बन्धी एक दिने अभिमुखीकरण

बाल विकास समाज र सेभ द चिल्ड्रनको संयुक्त प्रयासमा सञ्चालित शहरी क्षेत्रमा बसोबास गर्ने बालबालिकाहरुका लागि परियोजना अन्तर्गत ललितपुर जिल्लाको ललितपुर महानगरपालिका वडा नम्बर २० का महिला समुह, जनप्रतिनिधि, बालक्लव लगायत सरोकारवाला पक्षहरुका लागि एकल दिने बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखीकरण सम्पन्न भएको छ। सोही अभिमुखीकरणको सहजीकरण बालअधिकारकर्मी सन्जोग ठकुरीले गर्नु भएको थियो। कार्यक्रममा ललितपुर महानगरपालिका समाज कल्याण महाशाखा प्रमुख वरिष्ठ अधिकृत प्रेम बहादुर थापाले बाल विकास समाजले यस महानगरपालिकासँगको समन्वयमा यो कार्यक्रमको आयोजना गरेकोमा खुशी व्यक्त गर्दै यसबाट बालमैत्री स्थानीय शासनका बारेमा अभिमुख कुरा बताउनु भएको थियो । विशेष गरी ललितपुर महानगरपालिका वडा नम्बर २० लाई बालश्रम मुक्त वडा घोषणाको तयारी भइरहेको र यस कार्यले सोही गतिविधिलाई थप प्रभावकारी बनाउन समेत मद्दत पुग्ने कुरा पनि उल्लेख गर्नु भएको थियो। ललितपुर महानगरपालिकाले नगरका वडाहरुमा बालश्रम राख्न नपाइने र यस कार्यको अन्त्य गर्न महानगरपालिका डटेर लागि परेको कुरा पनि अधिकृत थापाले बताउनु भएको थियो। बालश्रम अन्त्यका लागि हरियो झन्डा अभियान पनि यस महानगरपालिकाले चलाएको कुराको पनि चर्चा गर्नु एको थियो । उहाँले वडा नम्बर २० लाई बालश्रम मुक्त वडा घोषणाका लागि सरोकारवाला पक्षहरु एकजुट भएर लाग्नका लागि आग्रह समेत गर्नु भएको थियो ।

कार्यक्रममा वडा स्तरीय बाल संरक्षण समितिको सक्रियताका बारेमा पनि चर्चा भएको थियो । यसैगरी वडा नम्बर २० का वडा अध्यक्षले पनि कार्यक्रममा आफ्ना कुरा राख्नु भएको थियो । सोही क्रममा वडा अध्यक्षले २० नम्बर वडालाई बालश्रम मुक्त वडा बनाउनका लागि आफु पनि लागि परेको कुरा उल्लेख गर्नु भएको थियो । उहाँले जनप्रतिनिधिको रुपमा वडामा आएदेखि नै यो कुराको चिन्ता भएको र कुसरी अरु भन्दा राम्रो र फरक तरिकाले वडाको विकास गर्न सकिन्छ भन्ने कुराले चिन्ता लाग्ने कुरा समेत बताउनु भएको थियो । यस कार्यक्रमबाट पनि धेरै नयाँ नयाँ कुराहरुको बारेमा जानकारी पाएकोमा उहाँले खुशी व्यक्त गर्नु भएको थियो ।

कार्यक्रममा नगरको वडामा कसरी सेवाको नक्साङकन गर्ने र सिफारिस प्रणालीलाई प्रभावकारी तवरबाट कसरी सेवाग्राहीसम्म लाने भन्ने कुराको बारेमा पनि छलफल भएको थियो ।

स्थानीय निकायमा आएको वजेटबाट बालबालिका तथा महिलाहरुका लागि कार्यक्रमको बारेमा कसरी छलफल हुन्छ र वडास्तरमा भएको छलफलमा कसरी सहभागिता जनाइ आफ्ना समस्याहरुको सम्बोधन गराउन सकिन्छ भन्ने कुराको बारेमा पनि छलफल गरिएको थियो । विशेषगरी महिला समुहहरुले कसरी वडाबाट कार्यक्रम ल्याएर गर्न सकिन्छ भन्ने कुराको बारेमा पनि छलफल गरिएको थियो ।

बालमैत्री स्थानीय शासनका बारेमा वडामा रहेका जनप्रतिनिधि लगायत सबै सरोकारवाला पक्षहरुले बुझ्न जरुरी भएको कुराको बारेमा पनि छलफल भएको थियो । यसरी १० वजेदेखि ४ वजेसम्म भएको छलफलमा शहरी बालबालिकाहरुको सवालहरुलाई कसरी स्थानीय निकायमा सम्बोधनका लागि उठान गर्न सकिन्छ भन्ने कुरा पनि आएको थियो । छलफलमा सहभागीहरुले स्थानीय निकायमा प्राथमिकिकरणका आधारमा कार्यक्रम छुटिने कुरा थाहा भएको र यसमा बालबालिका तथा महिलाहरुको समस्यालाई समायोजन गर्न सकिने कुराको बारेमा थाहा भएको बताएका थिए । बाल विकास समाजले आयोजना गरेको यो कार्यक्रमले बालमैत्री स्थानीय शासनका बारेमा थप जान्ने मौका पाएकोमा खुशी व्यक्त गरेका थिए ।

**शौचालय भवन शिलन्यास सम्पन्न**:

बाल विकास समाजले Borouge Pet Ltd. को आर्थिक सहयोगमा पाँचखाल नगरपालिका वडा नं. २ अनैकोट (ज्यामिरकोट) मा रहेको श्री ज्ञानोदय आधारभूत विद्यालयमा व्यवस्थित रुपमा शौचालय निर्माण र खानेपानी आपूर्तिका लागि School Toilet Construction and Water Supply Project संचालन गरेको छ । यही कार्तिक २४ गतेका दिन उक्त विद्यालयमा निर्माण गर्न लागिएको शौचालय भवनको शिलन्यास कार्य सम्पन्न भएको छ । बाल विकास समाजका अध्यक्ष सुवास गौतम, कोषाध्यक्ष सुरेन्द्र ढकाल र पाँचखाल नगरपालिकाका उपप्रमुख लक्ष्मी दनुवारबाट संयुक्त रुपमा शौचालय निर्माण लागिएको जगमा पूजा गरी ईटा, ढुङ्गा र बालुवा सिमेन्ट प्रतिस्थापन गरी शौचालय भवनको शिलन्यास गर्नुभएको थियो । बाल विकास समााजका कार्यक्रम निर्देशक किरण थापाबाट परियोजनाको बारेमा प्रष्ट पार्दै यस परियोजना एउटा विद्यालयको वा अनैकोटको मात्र नभइ सिङ्गो देशको प्रतिनिधित्व गरेको र भावी कार्यक्रम राम्ररी गर्न सकिन्छ कि सकिँदैन भन्ने कुरा यहाँ हुने शौचालय निर्माण र खानेपानीको कार्य कति प्रभावकारी रुपमा सम्पन्न गर्न सकिन्छ भन्ने कुरामा भर पर्ने कुरा व्यक्त गर्नुभएको थियो । संस्थाका कोषाध्यक्ष एवं समाजसेवी सुरेन्द्र ढकालबाट यस परियाजना राम्ररी सम्पन्न गरेमा विद्यालयमा आगामी दिनमा अन्य कार्यहरु समेत गर्न सकिने कुरा जानकारी गराउनुभयो । त्यसै गरी संस्थाका अध्यक्ष सुवास गौतमबाट परियोजना प्रभावकारी रुपमा सम्पन्न गर्न हौसल्ला प्रदान गर्नुभएको थियो । कार्यक्रममा वडा नं. २ का अध्यक्ष र नगरपालिकाका उप्रमुखबाट यस परियोजना सम्पन्न गर्न सरकारी तवरबाट समेत सहयोग हुने कुरामा विश्वस्त पार्नु भएको थियो । शिलन्यास कार्यक्रममा विद्यालयको तर्फबाट बाल विकास समाज र सहयोगी निकायलाई धेरै धन्यवाद व्यक्त गर्दै विद्यालयका प्रधानाध्यापक मेघनाथ अधिकारीले यस परियोजनाले विद्यालय, विद्यार्थी र गाउँले सबैजना खुसी भएको कुरा व्यक्त गर्नुभएको थियो । कार्यक्रममा विद्यालयका शिक्षकहरु, विद्यालय व्यवस्थापन समिति, अभिभावक र अन्य सरोकारवालाहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

**परियोजना स्थल अनुगमन**

पाँचखाल नगरपालिका वडा नं. २ अनैकोट (ज्यामिरकोट) मा रहेको श्री ज्ञानोदय आधारभूत विद्यालयमा व्यवस्थित रुपमा शौचालय निर्माण र खानेपानी आपूर्तिका लागि School Toilet Construction and Water Supply Project को यही कार्तिक २८ गतेका दिनमा विकास समाजको कार्यसमिति, सिनियर म्यानेजमेन्ट टिम, Borouge Pet Ltd. का टिम, इन्जिनियरको टोलीबाट प्रत्यक्ष अवलोकन भ्रमण गर्ने कार्य सम्पन्न भएको छ। उक्त भ्रमणका क्रममा विद्यालयमा निर्माण गर्न लागिएको शौचालय भवनको लागि खनिएको खाल्टो र सो स्थलको इन्जिनियरहरुबाट पुनः नापजाँच गरिएको थियो भने खानेपानीको मुहानमा गइ अनुगमन गरिएको थियो । शौचालय र खानेपानीका लागि बन्ने संरचना मजबुद र कार्य प्रभावकारी रहनु पर्ने तथा भावी दिनमा नियमित रुपमा सुचारु हुन सक्ने वातावरण बनाउनका लागि Borouge Pet Ltd. का Regional Director ज्ञानेन्द्र शुक्लले जोड दिनुभएको थियो । अवलोकन तथा मूल्यांकन टोलीमा Borouge Pet Ltd. बाट अनिल कृष्ण र किरण रघुवंशीको प्रत्यक्ष सहभागिता रहेको थियो । बाल विकास समाजका कोषाध्यक्ष सुरेन्द्र ढकाल र कार्यक्रम निर्देशक किरण थापाबाट यस कार्य प्रभावकारी ढंङ्गबाट सम्पन्न गर्न विद्यालयलाई सुझाव दिनु भएको थियो । विद्यालयका छात्रका लागि छुट्टै, छात्राका लागि छुट्टै र अशक्तका लागि छुट्टै शौचालय निर्माण हुनेछ र १३५ जना बालबालिकाले बालमैत्री वातावरणमा शौचालय र खानेपानी प्रयोग गर्न पाउने छन् । खानेपानीको व्यवस्था भएपश्चात २२ घरधुरीका ११० जना समुदायका व्यक्तिले खानेपानी नियमित पाउनेछन् ।

**प्रस्तुतिः प्रदिपकुमार श्रेष्ठ/गोविन्द विक**

## कांग्रेसको...

गर्न सक्छन् । भेनेजुयलामा ह्युगो चाभेजले यही गरेका थिए । लोकतान्त्रिक गठबन्धनको मुख्य उद्देश्य भारतीय स्वार्थमा संविधान संशोधन गर्नु रहेको छ दुई तिहाई पुऱ्याएर । उपेन्द्र यादवले बहुराष्ट्रियताको वकालत गरिरहेका छन् । राष्ट्रिय जनता पार्टीको पनि उद्देश्य बहुराष्ट्रियता स्थापित गराउनु नै हो । यसैका लागि कांग्रेसले महन्थ ठाकुर, उपेन्द्र यादवको चुनावी मैदानलाई सहज बनाइदिएको छ । नेपालमा मधेस र पहाड अलग अलग राष्ट्रियता हुन भन्दै मधेसलाई छुट्टै राज्य बनाउने र आप्रबासी भारतीयहरुको मतद्वारा मधेसलाई भारतमा मर्ज गराउने खतरनाक योजनालाई बाम गठबन्धनले विफल पार्ने नब्बेको दशकमा समेभियत संघको विघटनपछि विश्वस्तरमै कम्युनिस्ट आन्दोलनले गहिरो धक्का महसुस गऱ्यो ।

विभिन्न देशका कम्युनिस्ट सत्ताहरु एकपछि अर्को ढल्दै गए । यस्तो विषम परिस्थितिमा पनि नेपाली कम्युनिस्ट आन्दोलन भने रोकिएन । नेपाली कम्युनिस्टहरु संसदीय प्रतिस्पर्धामा होमिदै सत्तामा पुग्न सफल भए । नेपालको कम्युनिस्ट आन्दोलन विश्व कम्युनिस्ट आन्दोलनकै एक सुन्दर वास्तविकता मानिन्छ । नेपाली कम्युनिस्टहरु सत्तामा पुगे पनि दुईतिहाई बहुमत ल्याउन नसकेका कारण जनताको पक्षमा काम गर्न सकेनन् ।

पहिलो संविधानसभा निर्वाचनमा माओवादीले विश्वलाई नै चकित पार्ने गरी बहुमत ल्यायो । त्यसबेला अहिले जस्तो एमाले माओवादी गठबन्धन बन्न सकेको भए कांग्रेसको बत्ती बालेर खोज्नुपर्ने अवस्था आउँथ्यो । तर तीन महिना पदावधि बाँकी रहेका आफ्ना जर्नेलका लागि नेपाली सेनाले निर्वाचित प्रधानमन्त्रीलाई घेर्न पुग्यो । तत्कालीन प्रधानमन्त्री प्रचण्डले राजीनामा दिनुपर्ने अवस्था सिर्जना भयो । नेपोलियन बोनापार्टले ठीकै भनेका रहेछन्- जर्नेलको बाहेक सेना अरु कसैको हुँदैन ।

गत स्थानीय तह निर्वाचनमा कांग्रेसलाई पछि पार्दै एमाले देशकै पहिलो पार्टी बन्न सफल भयो । सो निर्वाचनमा माओवादी केन्द्रले कांग्रेससँग गठबन्धन गरेको थियो तर आशातित सफलता प्राप्त गर्न सकेन । एमालेले एक्लै चुनावमा होमिएर पनि यसले चमत्कारिक परिणाम ल्याएर अन्य दलहरुलाई विस्मयकित बनाइदियो । कांग्रेस र माओवादी केन्द्रबीचको गठबन्धन अप्राकृतिक थियो र यो टुट्नै पर्थ्यो । कांग्रेस र माओवादी केन्द्रबीचको गठबन्धन रहिरहे एमालेलाई पनि सत्तामा पुग्न नसकिने डर थियो । कांग्रेससँगको गठबन्धनप्रति माओवादी कार्यकर्ताहरु पनि सन्तुष्ट थिएनन् ।

चीन भारत जोसुकैको भूमिका भनिए पनि एमाले र माओवादी केन्द्रबीच गठबन्धन बन्नु अनिवार्य जस्तै थियो । वाम मतदाताहरुको पनि चाहना यही थियो । वाम गठबन्धन बन्ने बित्तिकै खास गरी नेपाली कांग्रेसको भालेसातो उड्यो । गठबन्धन तोड्ने थुप्रै देशी विदेशी प्रयत्नहरु भए । तर केपी ओली र प्रचण्ड हल्लिएनन् ।

वाम गठबन्धन भनिए पनि यसमा सबै वाम दलहरु नसमेटिएका कारण यसलाई एमाले माओवादी गठबन्धन मात्र भन्न सकिन्छ । यद्यपि भारतीय विस्तारवादको विरोध गर्दै राष्ट्रिय स्वाधीनताको दुन्दुभी बजाउँदै आएको नेकपा माले पनि गठबन्धन बनाएर चुनावी मैदानमा उत्रिएको छ । मतदाताहरुले एमाले र माओवादी केन्द्रको संयुक्त घोषणापत्रलाई भन्दा मालेको घोषणापत्रलाई विशेष रुचिका साथ ग्रहण गरिरहेको अवस्था छ । देशै भर वामपन्थी हावा मारिन थालेको छ । यसबाट कांग्रेस लगायतका दक्षिणपन्थी दलहरु हतप्रभ भएका छन् ।

प्रधानमन्त्री देउवा वामपन्थी हावी भए लोकतन्त्र खतरामा भन्दै आफूलाई बडो ठूलो लोकतन्त्रका लठेकेदार बन्न खोज्दैछन् । दुईपटक लोकतन्त्रलाई नारायणहिटी दरबारमा बुझाउने देउवाले लोकतन्त्रप्रति चिन्ता जाहेर गर्नुको कुनै तुक छैन ।

पार्टीलाई नै फुटाएर क्षतविक्षत बनाउने, सांसद खरिद बिक्री गर्ने, प्राडो पजेरोको संस्कृति भित्र्याउने, पुरुष सांसदलाई सुत्केरी भत्ता खुवाउने संसदीय विकृतिका जड हुन् देउवा । श्रीमती आरजुलाई चुनावकै मुखमा कै लालीमा तीन करोडको घर किनेर चुनाव लडाउने देउवाको लोकतन्त्र साँच्चै अपरम्पार छ ।

## उम्मेदवार...

व्यवस्था नल्याई जनताले सामन्तवादबाट मुक्ति पाउने छैनन् भन्ने विप्लव समूहको निर्क्यौल देखिन्छ । संसदीय व्यवस्थाको विकल्प एकदलीय कम्युनिस्ट व्यवस्था मात्र हो भन्ने यस समूहको मान्यता रहेको पाइन्छ । दीर्घकालीन सशस्त्र छापामार युद्ध गर्दै गाउँले सहर घेर्ने र केन्द्रीय सत्ता कब्जा गर्ने विप्लव समूहले अभिष्टता पालेको छ । जसरी माओवादीहरुले ०५२ साल फागुन १ गतेदेखि सशस्त्र जनयुद्ध सुरु गरेका थिए त्यसलाई लक्ष्यमा पुग्नै नदिई पार्टीका सुप्रियो प्रचण्डले धोका दिएर संसदीय व्यवस्थामा छलाङ मारी जनयुद्धका सहिद र घाइतेहरुको अपमान गरेको विप्लव समूहले भन्दै आएको छ । प्रचण्डको विरासत विप्लवले थामिरहेका छन् र जनयुद्धका नाममा व्यक्तिका निजी सम्पत्ति कब्जा गर्ने र वाम उम्मेदवारहरुलाई भौतिक आक्रमण गर्ने तत्कालीन रणनीतिमा नेकपा चलिरहेको दृश्यहरु देखिरहेका छन् ।

वाम उम्मेदवारहरुमाथि भइरहेका हिंसात्मक आक्रमणप्रति कांग्रेसले खासै प्रतिक्रिया जनाएको छैन । उम्मेदवारलाई तर्साउन सकेट बम हान्ने, ढुंगामुडा गर्ने कामहरु विप्लव समूहका कार्यकर्ताहरुले गरिरहेका छन् । यी सबै गतिविधि सो समूहको उपस्थिति छ भन्ने देखाउनकै लागि मात्र हो । यस्ता आक्रमणहरुले संसदीय व्यवस्था ध्वस्त हुँदैन न त निर्वाचन नै रोकिन्छ । वाम गठबन्धनका पक्षमा देशैभर देखिएको लहरले कांग्रेस आत्तिएको छ । विप्लव समूहले अझै उपद्रव मच्चाए यसैलाई आधार बनाएर निर्वाचन सार्ने कांग्रेसले मौका कुरिरहेको भने पक्कै छ । निर्वाचनमा भाग लिएर जनताको मन जितेर प्रदेशसभा र प्रतिनिधिसभामा पनि संघर्ष गर्दै सडक र सदन दुवै मोर्चामा लडाइँ लड्नु विप्लव समूहका लागि बरु आवश्यक छ । हिंसाको राजनीतिले देश र जनता अब उँभो लाग्दैन । विकास र समृद्धिको बाधक नेकपा हुनुहुँदैन ।

## बूढीगण्डकी...

आयोजना दिन चीनबाट फिर्ता लिए भनेर भारतीय सञ्चार माध्यममा समाचार प्रकाशित भएका छन् । भारतको सरकारी कम्पनी एनएचपीसीलाई आयोजना दिनको लागि चीनको गेजुवा ग्रुपसँग समझदारी रद्द गरेको टाइम्स अफ इन्डियाले लेखेको छ । ऊर्जामन्त्री कमल थापाले राष्ट्रवादी काम गरे भनेर चुनावी मसला बनाएर उनको पार्टीले प्रचार गरिरहेको छ । तर फेरि भारतलाई बूढीगण्डकी दिएकोमा त्यो गम्भीर राष्ट्रघात ठहरिने निश्चित छ ।

नियात्रा — खोमदत्त बराल

# बेलायतको सेरोफेरो-४



बेलायतको बसाइ सहज छैन । मेरो कान्छी छोरी बेलायत आएको दुइ वर्ष हुन लाग्यो । पुरानो विश्वविद्यालय युनिभर्सिटी अफ वेल्स इन्स्टिच्युटबाट एम विए डिग्री पनि पुरा गरिन । यही १४ जुलाई २०११ मा दीक्षान्त समारोह हुँदैछ । मौकाम हिरा पनि फोर्नु पर्छ रे । उखान हो । आफूलाई हिरा फोर्ने मौका कै रुपमा लिनु पर्छ । बेलायत आउँदा निश्चय पनि खर्च धेरै लाग्छ । आफ्ना लागि हिरा फोर्नै परे जस्तै नै हो । छोरीको दीक्षान्त समारोहमा आइएको छ ।

यसै सिलसिलामा जुलाई १२ गते आज विहानै उठेर नुहाइ धुवाइ नित्य कर्म गरियो । काठमाण्डौमा हुने दैनिकी, ध्यान प्राणयम जप पाठ भएन । सायद बेलायत बसुञ्जेल नै सम्भावना कमै देखिदैछ । नित्य कर्ममा कमि आएको छ । यात्राले सांस्कृतिक काम र माया मोहाम आकर्षण बढ्छ । यसैले सांसारिक कुराले परामार्थिक कुरामा अनाकर्षण हुन्छ । समयको अभाव हुन्छ । ठाउँको व्यवस्थापनमा कठिनाइ हुन्छ । ठाउँ पनि साँघुरो हुँदै जान्छ । यसैले धर्मकर्मका कुराहरु किनारा तिर पर्न जान्छन् । यस्तै कुराले गाँजेको छ ।

केटाकेटीले खाना तयार पारिसकेका छन् । आज दिनमा कता जाने । काठमाण्डौबाट नै विजय रावत ल्सइ इमेल गरेको थिए । बेलायत आउँदै गरेको खबरका साथ फोन नम्बर र ठेगाना माग्दै छोरी शुभ्राको इमेलमा खबर गर्न लेखेको थियो । खबर पाउना साथ इमेल त दिएछ । छोरीले इमेल नै खोलेको रहेन छ । उत्तर दिए पनि प्रति उत्तर नपाउँदा फेरि इमेल गरेछ । किन खबर गरेन भन्ने आफ्नो गुनासो थियो । तर साथी त साथी नै हो । बैंकमा बस्दा प्रायः धेरै जसो संगै भएको साथी । बेलायतमा आएर छोरीको इमेल खोलि हेर्दा त पाइयो । फोन गरेको त लागेन । पछि विजयले नै फोन गऱ्यो । कुराकानी भयो । उसैको रेष्टुरेन्ट तिर नै घुम्न जाने विचार पनि पलाएको थियो । तर विजय कै सल्लाहाले केही दिन पछि मात्र हेस्टिङ्ग तिर जानेमा विचारलाई अन्तै मोडियो ।

खाना खाइ सकेर ग्रीन वीच हलतिर जाने विचारलाई समायोजन गरियो । असिम बैंकतिर पसे । हामी बाट किनारामा बस्यौं । एउटा ज्याकेट किन्ने हो कि भनेर दुई चार पसल पनि चाहाऱ्यौ । तर महंगो पनि रहेछ । रंग पनि फुस्रो र कालो मात्र पाइयो । किन्ने मन खुम्चियो । जाडो निकै छ । पानी रहने छाँटकाँट छैन ।

ग्रीन वीच कलेजमा नै असिमले एम् इ पढेका थिए । उनको कलेज पनि घुम्ने रहरमा ठूलो डबल डेकको गाडी चढियो । तला माथिको भागमा चढियो । धेरै वेर रोकेर गाडीले यात्रु पनि नखोज्ने । भाडा पनि धेरै थोरै गरेर कण्डकरले लिनु नपर्ने (सबैसंग कार्ड हुने त्यही कार्डले बसको निश्चित भागमा छुवाइए पछि बसको भाडा तिरेको ठहर्ने । सबैले त्यसै गर्दा रहेछन् । कसरी हिसाब किताबको संयन्त्र बनाएको छ । हामीलाई त चासो भएन । ओहोर दोहर गर्दा कत्ति खर्च लाग्यो थाहा त भएन । जे होस उचाईमा बसेको हुँदा पर पर सम्म देख्न पाइने रहेछ । बस गाडी सफा त छदैछन् । नयाँ सुन्दर भिडभाड नभएको यात्रुलाई खासै दुःख पनि नदिने । चासो दिइरहनु पनि नपर्ने । बाटामा पर्ने सबै जसो घरहरु चार पाँच तला भन्दा अगला नबनाइएका । हिउँ पर्ने भएकाले छानाहरु ठाडो चुच्चे पारेर स्लापी खालका बनाइएका छन् । घर वरिपरि रुख विरुवा र वगैचा हरियो चउरी बनाइएको छ । बेदमान मल्ल सरले सुन्दर र सफा शहर बेलायती शहर सायद संसार कै सफा शहर भनेर यात्राका लागि बधाइ कै शब्दहरु उपहार दिएका थिए । आज पहिलो एक दिन कै यात्राले चित्ताकर्षण गऱ्यो । मनमोहक जंगल । साँची नै यहाँका रुखहरु कति मजाले झ्याम्म परेको फेंदै देखि हाँगा र पातहरु लागेका छन् । साँची नै मनमोहक । धेरै ठाउँमा शहर भित्र पनि ठूला ठूला चल्का खालि हरियो जग्गा छन् । यतै जग्गा किनेर बास बस्न रहर त लाग्यो । कैलै वत्तीले लोडसेडिङ्गको अनुभव गर्न नपाएको पानी आएन भन्ने मनमा खुम्चन नपर्ने । बस चलेन । हडताल भयो भन्ने सुन्न नपाइने वास्तवमा नै गुनासा र दुःख कष्ट जस्ता कुराहरु विकाश गर्न नसकेका मुलुकहरुको मत्र पयोयहरु हुन् भने जस्तो । हुने ।

साम्राज्यवादीहरुले गरीव देशहरुको प्राकृतिक श्रोतहरुबाट कच्चा पदार्थ मात्र दोहन गरे होला भनेको त उपनिवेस बनेका मुलुकहरुका मानिसहरुको भिजन मिसनका क्षमताहरु पनि रुखो पाराले उत्खनन् गरेछन् । शोषण गरेन् । नेपाललाई पुरापुर उपनिपेस बनाउँन कुइरेले सकेनन् । अर्ध उपनिवेसका रुपमा रहेको नेपालका ठूटे नेताहरु अरु बढी नै दासताको मनोबृत्तिमा फसेछन् । पुरै उपनिवेस बनेका मुलुकका अगुवा देशभक्तहरुले मुक्ति युद्ध चलाएर औपनिवेसिक हस्तक्षेपबाट मुक्त भए । तर औपनिवेसिक अवस्थाबाट मात्र मुक्त भएनन् मनो वैज्ञानिक रुपमा नै दासताबाट नै मुक्त भए । दासताको छाप कतै रहेनन् । अर्ध औपनिवेसिक अवस्थामा बसेका मुलुक नेपालका नेताहरु भने समायोजन गरेर बसे ।

जति बेला पनि आफूलाई शोषक र शोषित विचको समन्वयले गर्दा पनि नेपाली शासकहरुले आफूलाई उन्मुक्त ग्रीनवीच मेरिडेयन लाइन हेर्न भित्र जान आजकल सात पौण्डपर्दो रहेछ । मेरिडियन लाइन हेर्न भित्र गइएन । विद्यार्थीहरु प्रशस्त आएका थिए । भिडभाड धेरै थियो । जापान, चीन तिरका विद्यार्थी समूह समूहमा आएका भेटिए । यहाँ स्थानीय स्कूल क्याम्पसका पनि विद्यार्थी आउँदा रहेछन् । यहाँको निकै उच्चा पहाडी भेगमा रहेको ग्रीन वीच पोइन्ट वरिपरी कत्ति राम्रो जंगल । सुन्दर हरियाली वन वाटिका । फूल फुलेको । फल लागेका । हाम्रा तिर नदेखिएका फलफूलका किसिम । भिरालो भिरालो चौर । घाँसे मैदानमा केटाहरु क्रिकेट बजार्दै गरेका उफ्रैका छन् । रमाएका छन् । अलिपर फुटबल खेल्दै गरेको वास्तवमा यस्तो ठाउँमा वस्दा त्यसै पनि आनन्द हुन बत्ती पानीको प्रशस्त आफूर्तिले पनि धेरै जसो गुनासो र टेन्सन नै हट्ने । नसिव कहाँ सबैलाई मिल्छ र ?

यहाँका मानिसहरु निकै जाडोमा पनि हाफ बाहुला लाएर रम्न सकेका छन् । नेशनल म्यारिन म्युजियम पनि घुमियो । चर्च गइयो । पेन्टेड हाउस हेरियो । ग्रीनवीच कलेज गइयो घुमियो । ठूलो हरियो चउर पुराना भवनहरु साइन्सर प्रविधिका विद्यार्थीहरु भने कलेजले सिट बाहिर तिर पढाउँथ्यो रे । यहाँका केटाकेटीहरु पनि नाक कानमा धातु पदार्थका काँटी ठोक्दा रहेछन् । कसैले भने आँखी भौमा पनि मुन्द्री झुण्डयाएका छन् । एउटी मजा कै आइमाइले छातीको वीच भागमा दुइ तीन वटा नै मुन्द्री झुण्डयाएको । विद्रोही भावनाको उपज हो या विज्ञापनको आकर्षण हो । तर यकिन भएन । अर्काको मनोविज्ञान बुझ्न कठिन छ । एउटी रमणीले ओठैमा मुन्द्री झुण्डयाएकी छिन् । आफ्नो ओठमा कसैले ओठ नजोडोस भनेको हो किन ? वेल्स कार्डिफको मर्कर होटलको एक रातको बसाइ पुरा गरियो । एक रात अरु यही बसिन्छ । आज छोरी शुभाको एमवीएको दीक्षान्त समारोह छ । हिजै मात्र बेलायतबाट मेघाबसमा भिक्टोरिया स्टेसभाट चढेर पुरा तीन घण्टाको बाटो तय गरेर यही आइपुगिएको छ । *(क्रमशः)*

आदरणीय मतदाताज्यूहरु जानी राखौं !

## नेपाल कस्तो देश हो ?



(चुनाव चिन्ह)

१. विश्वको १० कंगाल र भ्रष्ट देशहरुमध्ये एक हो नेपाल ।
२. विश्वको सबैभन्दा ठूलो व्यापार घाटा भएको देश हो नेपाल ।
३. विदेशीले ७४ स्थानमा आफ्ना सीमा मिच्दा, टिस्टा काँगडाको आफ्नो भूमिलाई उपनिवेश बनाउँदा सीमा क्षेत्रमा गैरकानुनी रुपबाट बाँध बनाई आफ्नो भूमिलाई जलमग्न बनाउँदा अनि आफ्ना नागरिकलाई दिनदहाडै मार्दा कानमा तेल हालेर बस्ने देश हो नेपाल ।
४. युवायुवतीहरुलाई विदेशमा कठिन, फोहोरी र खतरनाक काम गर्न पठाइ कमाएको पैसा (हुन्डी) ले चल्ने देश हो नेपाल ।
५. बालबालिकाको श्रमशोषण, यौन दुर्व्यवहार र ओसारपसार, महिलामाथि घरेलु हिँसा र विभेदका लागि विश्व प्रख्यात देश हो नेपाल
६. हरेक नौ महिनामा प्रधानमन्त्री फेरिने कारण भूतपूर्व असक्षम प्रधानमन्त्रीहरुको लस्कर भएको देश हो नेपाल ।
७. गरिब जनताका छोराछोरी जीवनजल खान नपाएर मर्ने तर नेताहरुलाई करोडौं खर्च गरी विदेशमा उपचार गर्न पठाउने देश हो नेपाल ।
८. जहाँनीया राणातन्त्र, जहाँनीया राजतन्त्रपछि जहाँनीया नेतातन्त्र भई हाम्रा जति मात्रै राम्रा हुने अनि राम्रा जतिलाई पाखा पार्ने विश्वको एकमात्र देश हो नेपाल ।

आजसम्म जन्मियो कोही यस्ता कलंकहरुबाट मुक्त गरी नेपाललाई समृद्ध, सवल, सभ्य र विशाल देश बनाउने राजनेता ? जन्मेका छैनन्, तसर्थ आउनुहोस् आगामी प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा हँसिया तारा चुनाव चिन्हमा मतदान गरी नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी–लेनिनवादी) का प्रत्यक्ष र समानुपातिक तर्फबाट उठेका सबै उम्मेदवारहरुलाई अत्यधिक मतले विजय गराउनुहोस् । हामी तपाईलाई समृद्ध, सवल, सभ्य र विशाल नेपाल बनाएर देखाइदिनेछौं ।



### ३ नम्बर प्रदेश सभाका लागि समानुपातिक तर्फका उम्मेदवार




सुरेन्द्र ढकाल (पोलिटब्यूरो सदस्य नेकपा माले)
डक्टरेट अफ स्पेसलाइजेसन सरकारी संगठन र व्यवस्थापन (इटली)
स्नातकोत्तर प्रशासनिक विज्ञान (जर्मनी)
स्नातकोत्तर इतिहास तथा स्नातक जनप्रशासन (नेपाल)